का.जि.प्र.का.द.नं. १००/०५९/६०
९ असोज २०८३
शुक्रबार
25 September 2026
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

ई-पेपर हेर्नं

वर्ष २४, अंक २४६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

**कभर स्टोरी | अ(न्याय)**

# राज्य हार्छ आधा मुद्दा नागरिकको जान्छ पूरै जिन्दगी



■ तेजप्रकाश दीक्षित/मध्यान्ह

**गम्भीर फौजदारी मुद्दामा अदालत पुगेका प्रतिवादीमध्ये झन्डै आधाले सफाइ पाएका छन् । जिल्ला अदालतमा सफाइ दर ४७.५ प्रतिशत, उच्चमा ५०.५ प्रतिशत र सर्वोच्चमा ४७ प्रतिशत छ । तीनै तह जोड्दा १४ हजार ५४७ फैसलामध्ये ७ हजार ८६ जनाले सफाइ पाएको देखिन्छ । तथ्यांकले प्रश्न उठाउँछ- समस्या फैसलामा हो कि मुद्दा अदालत पुग्नुअघिकै छानबिन र अभियोजनमा पनि छ ?**

कैलालीको भजनी-६ नवलपुरका सन्तकुमार चौधरीलाई प्रहरीले २०७३ वैशाखमा पक्राउ गर्दा उनलाई किन समातियो भन्नेसम्म थाहा थिएन । गाउँमा उनलाई सीताराम भनेर पनि चिनिन्थ्यो । प्रहरीले खोजिरहेको व्यक्ति पनि सीताराम चौधरी नै थिए । नाम मिल्यो । ठेगाना उस्तै पर्‍यो । बाबुको नामसमेत मिल्यो । तर, सन्तकुमार र प्रहरीले खोजेको व्यक्ति एउटै थिएनन् । त्यसको मूल्य सन्तकुमारले सात वर्ष जेल बसेर चुकाए ।

२०७२ भदौ ७ को टीकापुर घटनामा संलग्न भएको अभियोगमा पक्राउ परेका उनलाई कैलाली जिल्ला अदालतले २०७५ »» पृष्ठ २ मा

### गलत अभियोगपत्र कसरी बन्छ ?

एउटा निर्दोष व्यक्ति जेल पुग्ने बाटोमा पाँचवटा ढोका हुन्छन् । हरेक ढोकामा जिम्मेवारी पाएको व्यक्तिले रोक्न सक्थ्यो । पहिलो, जाहेरी । झुटो जाहेरी दिनेमाथि कारबाही व्यावहारिक रूपमा शून्य छ । रामकुमार कार्कीको मुद्दा पारिवारिक रिसइबीबाट सुरु भएको थियो । जोखिमविहीन जाहेरी निःशुल्क हतियार बन्न पुग्दछ ।

दोस्रो, पहिचान । सन्तकुमार चौधरीको मुद्दा यहीँ बिग्रियो । नाम, ठेगाना र बुबाको नाम मिल्दैमा व्यक्ति उही हो भन्ने निष्कर्ष निकालियो । बायोमेट्रिक पहिचान, परिचयपत्र र तस्बिर प्रमाणीकरण अनिवार्य गरिएको भए उनका मूल्यवान् सात वर्षहरू जोगिन्थे । तेस्रो, बयान । महान्यायाधिवक्ताको प्रतिवेदनले नै बयानमुखी अनुसन्धानभन्दा वैज्ञानिक अनुसन्धान चाहिने »» पृष्ठ २ मा

**गम्भीर मुद्दामा जिल्ला अदालतको सफाइ दर**

| कसुर | कसुर कायम | सफाइ | सफाइ दर |
|---|---|---|---|
| ज्यान मार्ने उद्योग | ९०८ | २,४११ | ७२.६% |
| आत्महत्या दुरुत्साहन | १२८ | ३८० | ७४.८% |
| अपहरण | ९० | १९७ | ६८.६% |
| जबरजस्ती करणी उद्योग | १९३ | ३३१ | ६३.२% |
| कुटपिट तथा अंगभंग | २८५ | ४२७ | ६०.०% |
| जबरजस्ती करणी | १,५८१ | १,२५१ | ४४.२% |
| कर्तव्य ज्यान | ९५८ | ६२२ | ३९.४% |

स्रोत: महान्यायाधिवक्ताको कार्यालय, वार्षिक प्रतिवेदन २०८१/०८२

# एमालेमा विद्याको 'कमब्याक'



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ८ असोज

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी सक्रिय राजनीतिमा फर्किएकी छन् । राष्ट्रपति पदबाट बाहिरिएको करिब साढे तीन वर्षपछि पार्टी सदस्यता पुनः कायम गराएकी भण्डारीले बिहीबार एमालेमा दोस्रो वरीयता प्राप्त गरिन् । ललितपुरमा बसेको एमाले केन्द्रीय कमिटी बैठकले अध्यक्ष केपी शर्मा ओलीपछि दोस्रो वरीयतामा भण्डारी रहने गरी वरिष्ठ नेता बनाएको हो ।

यो प्रस्ताव स्वयं अध्यक्ष ओलीले राखेका थिए । यसलाई अनुमोदन गर्दै केन्द्रीय कमिटी बैठकले भण्डारीलाई वरिष्ठ नेता मनोनीत गरेको हो । एमालेको विधानमा वरिष्ठ नेता पद थिएन । नयाँ पद नै सिर्जना गरेर भण्डारीलाई एमालेले पार्टीमा शक्तिशाली पुनरागमन गराएको छ । नेताहरूका अनुसार योसँगै एमालेमा देखापरेको असन्तुष्टि र समीकरणसमेत बदलिएको छ ।

> वरिष्ठ नेताको नयाँ पद नै सिर्जना गरेर भण्डारीलाई एमालेले पार्टीमा शक्तिशाली पुनरागमन गराएको छ । नेताहरूका अनुसार योसँगै एमालेमा देखापरेको असन्तुष्टि र समीकरणसमेत बदलिएको छ ।

एमालेको विभिन्न जिम्मेवारी सम्हाल्दै उपाध्यक्षसम्म »» पृष्ठ २ मा

# 'जोखिम बढ्न सक्छ, सतर्क रहौं'



काठमाडौं/मस- बिहीबारबाट देशमा निरन्तर झरी परिरहेको छ । शुक्रबारबाट यसको प्रभाव बढ्ने मौसम तथा पूर्वानुमान महाशाखाले जनाएको छ । सम्भावित भारी वर्षा, बाढी, पहिरो, डुबानलगायत जोखिमप्रति उच्च सुरक्षा र सतर्कता अपनाउन सरकार तथा सम्बन्धित पक्षले नागरिकलाई आह्वान गरेका छन् । तीन दिनसम्म वर्षा, बाढी, पहिरो, डुबान सम्भावना बढिरहेकाले अत्यावश्यक कामबाहेक लामो दूरीको »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### श्रममन्त्री यादवद्वारा सबै म्यानपावरलाई एफडब्लुसिएमएसमा सहभागी गराउन आग्रह

# मलेसियाली मन्त्रीको कूटनीतिक जवाफ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ असोज

युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले मलेसियाका मानव संशाधन मन्त्री रामानन् रामाकृष्णनलाई टेलिफोन गरी नेपालका सबै म्यानपावर कम्पनीलाई त्यहाँको फरेन वर्कर सेन्ट्रल म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस)मा सहभागी गराउन आग्रह गरेका छन् । बिहीबार भएको टेलिफोन कुराकानीमा मन्त्री यादवले उक्त आग्रह गरेको श्रम मन्त्रालयले विज्ञप्तिमार्फत जानकारी दिएको छ । प्रधानमन्त्री वालेन्द्र शाह र मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमबीच गत मंगलबार मलेसियाको श्रम क्षेत्रका सन्दर्भमा टेलिफोन वार्ता भएको थियो । सो वार्ताका क्रममा प्रधानमन्त्री शाहले नेपाललाई सिन्डिकेट मान्य नरहेको बताएका थिए ।

मन्त्रीहरूबीचको छलफलमा मलेसियामा कार्यरत नेपाली श्रमिकहरूको हित र मलेसियामा अवलम्बन गर्ने भनिएको प्रणालीका »» पृष्ठ २ मा

# युएईको पुलिस रिपोर्ट शुल्क आधाले घट्ने



काठमाडौं/मस- नेपाल वैदेशिक रोजगार व्यवसायी संघले आगामी अक्टोबरदेखि युएई जाने नेपाली श्रमिकको प्रहरी चालचलन रिपोर्ट प्रमाणीकरण शुल्क आधाले घट्ने बताएको छ। संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार'को नेतृत्वमा संघका पदाधिकारीहरूसहितको प्रतिनिधिमण्डलले नेपालस्थित युएईका राजदूतसँग भेटघाट गरी वैदेशिक रोजगारीका क्षेत्रमा देखिएका विभिन्न समसामयिक विषयमा महत्वपूर्ण छलफल गरेपछि युएई दूतावासले उक्त जानकारी दिएको हो ।

उक्त भेटमा संघले प्राथमिकताका साथ प्रहरी चालचलन रिपोर्ट एटेस्टेसनबिनै नेपाली श्रमिकलाई युएई »» पृष्ठ २ मा

ADNOC DISTRIBUTION

FREE VISA ! FREE TICKET !!
Opportunity to work in The Largest Government Petrol Pump of UAE

Company Name: ADNOC DISTRIBUTION

पूर्व स्वीकृती मिति: २०८३/०६/०८ | चलानी नं.६०२६१६५४ | LT No.: 348415

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Car Wash Operator (Auto & Manual) | 50 | 25 | काममा दक्ष | 1215 | ५०,८४५।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Car Washer / Cleaner | 100 | 0 | | 1200 | ५०,२१७।- | | | | | | | |
| ३. | Coffee Maker | 75 | 75 | | 1215 | ५०,८४५।- | | | | | | | |
| ४. | Fuel Sales | 150 | 0 | | 1215 | ५०,८४५।- | | | | | | | |
| ६. | Oil Change Operator | 25 | 0 | | 1215 | ५०,८४५।- | | | | | | | |

Monthly Salary Will Be Basic Aed 1215 With Other Allowances
Approximate Gross Salary Aed 2311

Note: Education Certificate, Passport Copy (min 2 yrs validity), Bio-Data/CV, Normal Police Report compulsory (all documents should be in color copy)
ADNOC Ex. Employee & Visible Tattoo Not Allowed.

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | निःशुल्क |

Note: १) आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । Applicants are requested to submit their application directly without using any mediator.
२) प्रि–अन्तर्वार्तामा समावेश भई सफल भएका आवेदक मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् । Only applicants who have been selected in Pre-Interview will be eligible for final Interview

प्रि-अन्तरवार्ता २०८३ असोज ११ गते (27 Sept., 2026) सि.पि. होटल विर्तामोडमा २०८३ असोज १२ गते (28 Sept., 2026) कोसेली होटल इटहरीमा २०८३ असोज १३ गते (29 Sept., 2026) के.बि.आर. होटल दमकमा र २०८३ असोज १४ गते (30 Sept., 2026) बाजेको सेकुवा पोखरामा हुनेछ ।

फाइनल अन्तरवार्ता Fuel Sales & Coffee Maker/Barista को २०८३ असोज १९ र २० (5 & 6 Oct., 2026) गते र Lube/Oil Change Attendant, Car Wash Operator, Car Wash Cleaner को २२ र २३ (8 & 9 Oct., 2026) गते Gokarna Forest Resort काठमाडौंमा हुनेछ ।

THINK BIZ INTERNATIONAL PVT.LTD.
Subhidhangar Marg, Tinkune, Kathmandu Tel : 01-5914635
Mob: 9761819719, 9761819720, 9761819721
Gov.Lic.NO. 1608/079/080
Email: careers@thinkbiz.com.np | Web: www.thinkbiz.com.np

ASPIRE
कतारमा वैदेशिक रोजगारीको अवसर
कम्पनी : ASPIRE MANAGEMENT CONSULTING | शहर : DOHA
पूर्व स्वीकृत मिति: २०८३/०६/०६ | चलानी नं.: ६०२६१५०१ | LT. No.:348331

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Administration Manager | 1 | 0 | सम्बन्धित काममा दक्ष | 5700 | २३५११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Marketing Specialist | 0 | 2 | | 2200 | ९२२५० | | | | | | | |
| 3. | Executive Secretary | 1 | 0 | | 2200 | ९२२५० | | | | | | | |
| 4. | Receptionist | 0 | 1 | | 2000 | ८३५०० | | | | | | | |

Send Your CV at info@aarohihrsolutions.com
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १४ गते (30 September 2026) मा हुनेछ ।
साथै यस कम्पनीको लागि Social Media Handler को पनि आकर्षक तलबमा आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिहरूले सम्पर्क गर्नु होला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २७९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

AAROHI HR SOLUTIONS PVT. LTD.
License. No: 1244/074/075 | Reg. No.: 165209/073/074
An Ethical & Responsible Recruitment Agency.
ISO 9001:2015 Certified Company
आरोही एच.आर. सोलुसन्स प्रा. लि.
Head Office: +977-1-4961807, 4962925 | 9851067941 (Himal Amgain) 9801081902 (Ranjan Khadka) | info@aarohihrsolutions.com | www.aarohihrsolutions.com | KMC - Ward No. 3 Basundhara Kathmandu Nepal
Chitwan Branch Office: 056-514109 | 9802899323 (Badri Prasad Upreti) | Bharatpur-10 Hakimchowk Chitwan Nepal

UAE मा पुरुष/महिला Security Guard हरुलाई बैदेशिक रोजगार अवसर



WE ONE
Company Name : We One | पुनः विज्ञापन, पूर्व स्वीकृती मिति: २०८१/१२/१ | चलानी नं.: ६०२३४४५४ | LT No.: 320363

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 108 | 5 | काममा दक्ष | 2262 | ९४,५७०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

उमेर २१ देखि ४० वर्ष, हाइट : ५ फिट ६ इन्च, शैक्षिक योग्यता १० पास, शरीरमा कुनै पनि टाटु नकोरेको, २ वर्ष कामको अनुभव भएको र अंग्रेजी राम्रो बोल्न सक्ने हुनुपर्नेछ ।
UAE सरकारले अर्ध सरकारी र Freezone कम्पनीको भिषा पुलिस रिपोर्टको आधारमा Issue गरिरहेको हुनाले भिषा १५ दिनमै आउने छ ।

प्रि-अन्तरवार्ता २०८३ असोज २२ गते (8 Oct., 2026) सम्म धमाधम हुनेछ । प्रि-अन्तरवार्तामा सफल भएकाहरुलाई मात्र फाइनल अन्तरवार्तामा सामेल गरिनेछ ।

Job Plus Careers Overseas Pvt. Ltd.
Gaushala-9, Kathmandu, Tel. : 01-5913651, 5913652, 9801055523 9801355469, Pokhara : 061-590012, 9802853454, Butwal : 9747413029 Jhapa : 023-541316, 9801458705, Chitwan : 9705124056
Gov. Lic. No.: 889/067/068
Email : jobplus.careers@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
९ असोज २०८३ शुक्रबार
25 September 2026 Friday

कभर स्टोरी

# राज्य हार्छ आधा मुद्दा, नागरिकको जान्छ पूरै जिन्दगी

फागुन २२ मा जन्मकैद सुनायो । उच्च अदालत दीपायलले पनि जिल्लाको फैसला सदर गर्‍यो । आफू सीताराम नभएको कुरा उनले पटकपटक बताए । परिवारले पनि प्रमाण जुटाउँदै हिँड्यो । तर फैसला आउन समय लाग्यो । २०७९ जेठ २ मा बल्ल सर्वोच्च अदालतले उनलाई सफाइ दियो । सात वर्षपछि जेलबाट निस्किएर सन्तकुमार आफ्नै पुरानो व्यवसायमा फर्किए । श्रीमती यमुनाले उनको अनुपस्थितिमा सम्हालेको होटल र मासु पसल फेरि उनी आफैंले हेर्न थाले । तर जेलले खाएको सात वर्ष कसैले फिर्ता गर्न सकेन ।

यो एउटा व्यक्तिले भोग्नुपरेको दुःख मात्र होइन । हाम्रो फौजदारी न्याय प्रणाली देखाउने ऐना पनि हो । किनभने, कुनै व्यक्ति दोषी हो कि होइन भन्ने अन्तिम फैसला आउनुअघि नै उसले सजायँ पाइसकेको हुन्छ ।

कानुनमा थुना सजाय होइन । तर लामो थुना व्यक्तिको जीवनमा सजायजस्तै बनेर आउँछ । त्यस्तो भोग्ने सन्तकुमार एक्ला पात्र होइनन् । काठमाडौंको गोंगबुमा २०६० सालमा भएको हत्या र बलात्कारको घटनामा प्रहरी जवान मदननारायण श्रेष्ठ पक्राउ परे । घटनास्थल थियो, गोंगबुको न्यु पर्वत लेसपार गेस्ट हाउसको कोठा नम्बर १०६ । श्रेष्ठले आफू घटनामा संलग्न नभएको दाबी गरे । घटना भएको रात आफू ड्युटीमा रहेको उनले भनिरहे । तर अनुसन्धानका क्रममा उनलाई बयान दिन दबाब दिइएको अदालतको फैसलाबाट देखियो । काठमाडौं जिल्ला अदालतले नै यातना दिइएको ठहर गर्दै उनलाई क्षतिपूर्ति भराउन आदेश दिएको थियो । त्यही मुद्दामा जिल्ला अदालतले श्रेष्ठलाई जन्मकैद सुनायो । पुनरावेदन अदालत पाटनले पनि जिल्लाकै फैसला सदर गर्‍यो । त्यसमा पनि चित्त नबुझेपछि न्याय खोज्न उनी सर्वोच्च अदालत पुगे ।

सर्वोच्चले अनुसन्धानका क्रममा दिइएको स्वीकारोक्ति बयान स्वतःस्फूर्त नभएको, शारीरिक तथा मानसिक दबाबमा लिइएको र त्यसलाई अन्य प्रमाणले पुष्टि नगरेको ठहर गर्‍यो । घटनाको रात श्रेष्ठ ड्युटीमा रहेको देखाउने साक्षी र गेस्ट हाउसको अभिलेखमा रहेको हस्ताक्षरसमेत उनको नभएको प्रमाणित भयो । अन्ततः सर्वोच्चले जिल्ला र पुनरावेदन अदालतको फैसला उल्टाउँदै उनलाई सफाइ दियो । श्रेष्ठ करिब १३ वर्ष ६ महिना जेल बसेर बाहिर निस्किए । जेल पुग्दा उनी ३४ वर्षका थिए । बाहिरिँदा ४८ वर्ष पुगिसकेका थिए ।

एउटा व्यक्तिको जीवनका १३ वर्ष उमेर मात्र पक्कै होइन । उनले परिवारसँग छुट्टिएर बस्नुपर्‍यो । जागिर गुम्यो । सामाजिक सम्बन्ध भत्किए । उनको घरपरिवार लज्जित हुनुपर्‍यो ।

भविष्यका सबै योजनाहरू भताभुंग भए । अर्को पनि त्यस्तै घटना छ, गोरखाको केरावारी-३ का नारायण ढकालको । २०६६ वैशाख १४ मा मीरा रेग्मीको हत्या अभियोगमा उनलाई पक्राउ गरियो । जिल्ला अदालत गोरखाले सर्वस्वसहित जन्मकैद सुनायो । पुनरावेदन अदालत पोखराले पनि त्यही फैसला सदर गर्‍यो । ढकाल जेलमै रहे ।

झन्डै आठ वर्षपछि सर्वोच्च अदालतले दुवै फैसला उल्टायो र उनलाई सफाइ दियो । तर त्यसबेलासम्म उनलाई माया गर्ने ९८ वर्षीया हजुरआमा बितिसकेकी थिइन् । जेलबाट छुटेको दिन उनले भनेका थिए, 'फैसला १३ दिनअघि आएको भए कम्तीमा हजुरआमाको मुख त देख्न पाउँथे ।'

०००

**यी तीन मुद्दालाई न्यायिक क्षेत्रका अपवाद घटना मात्र भन्न सक्ने स्थिति छैन ।**

महान्यायाधिवक्ताको कार्यालयको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदनमा सरकार वादी हुने फौजदारी मुद्दाको समग्र कसुर ठहर दर करिब ७५ प्रतिशत देखिन्छ । झट्ट हेर्दा यो दर उच्च देखिन्छ ।

तर सबै मुद्दा एउटै प्रकृतिका छैनन् । गम्भीर अपराधलाई छुट्टै राखेर, लागुऔषधसम्बन्धी मुद्दा हटाएर हेर्दा तथ्यांक उल्टिन्छ । किनभने, जिल्ला अदालत तहमा अपहरण तथा शरीर बन्धक, ज्यानसम्बन्धी कसुर, कुटपिट तथा अंगभंग, मानव बेचबिखन, बलात्कारसम्बन्धी कसुर, बालबालिकामाथिको हिंसा, चोरी-डाँका तथा हातहतियारजस्ता गम्भीर अपराधमा ६ हजार ५९७ प्रतिवादी कसुरदार ठहर हुँदा ७ हजार १४१ जनाले सफाइ पाएका छन् । यस्ता गम्भीर प्रकृतिका मुद्दामा कसुर ठहर दर ४८ प्रतिशत मात्रै छ ।

अर्थात्, यो समूहमा अदालत पुगेका प्रतिवादीमध्ये सफाइ पाउनेको संख्या कसुरदार ठहर हुनेभन्दा बढी छ । ७५ प्रतिशत कसुर ठहरको सरकारी तथ्यांक आफैंमा गलत होइन । त्यो फराकिलो समूहको समग्र दर हो । त्यसमा लागुऔषधजस्ता मुद्दामा ८५.७ प्रतिशत र सार्वजनिक शान्ति, सार्वजनिक हित, बैंकिङ तथा जुवालगायत मुद्दामा ९२.५ प्रतिशतसम्म कसुर ठहर भएको तथ्यांक समावेश छ ।

तर थुनामा पर्ने सम्भावना बढी भएका गम्भीर अपराधलाई छुट्टै हेर्दा ४८ प्रतिशत अभियोजन मात्र ठहरको देखिन्छ ।

तथ्यांकले समस्या तल्लो अदालतमा मात्र छ भन्ने पनि देखाउँदैन । यदि समस्या तल्लो अदालतको फैसलामा हुने त्रुटि हो भने माथिल्लो




अदालत पुग्दा सफाइको दर धेरै घट्नुपर्ने हो । तर महान्यायाधिवक्ताको कार्यालयकै तथ्यांकमा लागुऔषधबाहेकका गम्भीर अपराधमा जिल्ला अदालतमा सफाइ दर ४७.५ प्रतिशत, उच्च अदालतमा ५०.५ प्रतिशत र सर्वोच्च अदालतमा ४७ प्रतिशत देखिन्छ । तीनै तहको अदालतलाई एउटै तराजुमा राखेर फैसला गलत वा सही भन्न मिल्दैन । प्रत्येक तहमा आउने मुद्दाको प्रकृति फरक हुन्छ । तर सफाइको दर तीनै तहमा करिब उस्तै देखिनुले प्रस्ट संकेत गरेको छ- समस्या फैसला हुने ठाउँमा मात्रै होइन, मुद्दा अदालतसम्म पुग्नुअघि नै छ ।

जिल्ला तहमा सरकारी वकिलकहाँ पुगेका ७१ हजार २२३ प्रतिवादीका फाइलमध्ये ६६ हजार ३८२ जनाविरुद्ध अभियोजन गरिएको थियो । अर्थात् ९३.२ प्रतिशत फाइलमा मुद्दा चलाइएको देखिन्छ । यसले अभियोजनको पूर्वछनोट कति प्रभावकारी छ भन्ने विषयमा संस्थागत समीक्षा आवश्यक देखाउँछ ।

**सर्वोच्च पुग्नै वर्षौंवर्ष**

कारागार व्यवस्थापन विभागको असार २०८३ को तथ्यांकअनुसार नेपालका जेलमा २७ हजार २३२ जना छन् । तीमध्ये १० हजार २०९ जना पुर्पक्षका लागि थुनामा छन् । अर्थात् करिब ३७.५ प्रतिशत व्यक्ति अझै अदालतबाट दोषी ठहर भइसकेका छैनन् । उनीहरूले फैसलाको पर्खाइमा वर्षौं कुर्नुपर्छ । त्यो प्रतीक्षामा परिवार पनि हुन्छ । कमाउने मान्छे जेलमा हुँदा घरको आम्दानी रोकिन सक्छ । बालबालिकाको पढाइ प्रभावित हुन सक्छ । ऋण थपिन सक्छ । सामाजिक सम्बन्ध बदलिन सक्छ । बाहिर मानिसको धारणा फैसलाभन्दा अघि नै बन्न सक्छ । त्यसपछि अदालतबाट सफाइ पाएपछि कागजमा लेखिन्छ, 'अभियोगबाट सफाइ ।' त्यसले बितेको समय फिर्ता गर्दैन ।

सर्वोच्च अदालतको २०८१/८२ को वार्षिक प्रतिवेदनले पनि मुद्दाको चाप र समयको अर्को तथ्यांक देखाउँछ । पुनरावेदनतर्फ १७ हजार ९०८ मुद्दा थिए । तीमध्ये ५ हजार ७४० फछ्र्योट भए । १२ हजार १६८ बाँकी रहे । बाँकीमध्ये ४ हजार २४४ मुद्दा दुईदेखि पाँच वर्ष पुराना र ६ सयभन्दा बढी पाँच वर्ष नाघेका थिए ।

अदालतमा मुद्दा बाँकी रहनुलाई न्यायिक त्रुटि भन्न नमिल्ला । प्रमाण, पक्षको अधिकार, सुनुवाइको प्रक्रिया र न्यायिक स्वतन्त्रता जोगाउन समय लाग्न सक्छ । तर प्रतिवादी थुनामा रहेको अवस्थामा त्यही समयको अर्थ फरक हुन्छ । जेलबाहिर बसेर मुद्दा लड्नेका लागि ढिलो फैसला एउटा प्रशासनिक ढिलाइ हुन सक्छ । तर, थुनामा रहेको मानिसका लागि त्यही ढिलाइले जीवन खान्छ ।

फौजदारी न्यायको केन्द्रमा पीडित पनि हुनुपर्छ । कमजोर प्रमाणका कारण कसुरदार ठहर हुन नसक्दा वास्तविक पीडितले न्याय नपाउने जोखिम हुन्छ । अर्कोतर्फ पर्याप्त आधारबिना निर्दोष व्यक्ति लामो समय थुनामा पर्दा अर्को अन्याय हुन्छ । त्यसैले न्याय प्रणालीको लक्ष्य सही प्रमाणका आधारमा सही समयमा फैसला । त्यसका लागि अनुसन्धान, अभियोजन र अदालतबीचको हरेक चरणमा प्रमाणको गुणस्तर जाँचिनुपर्छ ।

## क्षतिपूर्ति अझै अनुत्तरित

काठमाडौं कीर्तिपुर नगरपालिका-६ का रामकुमार कार्कीको मुद्दा यस बहसको अर्को महत्त्वपूर्ण उदाहरण हो । उनी अपहरण, ज्यान मार्ने उद्योग र हातहतियारसम्बन्धी मुद्दामा पक्राउ परे । जिल्ला र पुनरावेदन अदालतबाट दोषी ठहर भए । अन्ततः सर्वोच्च अदालतले २०७४ पुस २६ मा सफाइ दियो । तर त्यतिबेलासम्म उनी ७ वर्ष ५ दिन जेल बसिसकेका थिए ।

सर्वोच्चमा उनले राज्यबाट क्षतिपूर्ति माग्दै रिट दिएका थिए । सर्वोच्च अदालतले २०७६ मा उनको निवेदनमाथि सरकारसँग लिखित जवाफ मागेको अभिलेखमै देखिन्छ । तर, फैसला र क्षतिपूर्ति टुंगिएको देखिँदैन । यसले अर्को प्रश्न उब्जाएको छ- राज्यको प्रक्रियाबाट कुनै निर्दोष नागरिकले वर्षौं स्वतन्त्रता गुमायो भने त्यसको जिम्मेवारी कसले लिने ?

**कहाँ सुधार गर्ने ?**

सबैभन्दा पहिले, निर्दोष ठहर भएर लामो समय थुनामा बसेकालाई क्षतिपूर्ति दिने स्पष्ट कानुनी व्यवस्था आवश्यक छ ।

दोस्रो, थुनामा रहेका प्रतिवादीका मुद्दालाई प्राथमिकतामा राख्ने छुट्टै प्रणाली बनाउनुपर्छ । अदालतको सफ्टवेयरमै 'थुनुवा' मुद्दा पहिचान हुने र लामो समयदेखि थुनामा रहेका व्यक्तिको सुनुवाइ स्वतः प्राथमिकतामा जाने व्यवस्था गर्न सकिन्छ । तेस्रो, अभियोजनअघि प्रमाणको अनिवार्य परीक्षण हुनुपर्छ । आरोप मात्र पर्याप्त होइन, उपलब्ध प्रमाणले अदालतमा कसुर प्रमाणित हुने यथार्थ सम्भावना छ कि छैन भन्ने लिखित परीक्षण आवश्यक छ ।

चौथो, पक्राउअघि वा पक्राउका बेला पहिचान प्रमाणीकरण बलियो बनाउनुपर्छ । सन्तकुमार चौधरीको घटनाले एउटै नाम, ठेगाना र पारिवारिक विवरणका आधारमा हुने गम्भीर त्रुटि देखाएको छ । पाँचौं, बयान र अनुसन्धान प्रक्रियालाई सकेसम्म अडियो-भिडियोमा अभिलेख गर्ने व्यवस्था हुनुपर्छ । मदननारायण श्रेष्ठको मुद्दाले बयान कसरी लिइयो भन्ने प्रश्न कति निर्णायक हुन सक्छ भन्ने देखाएको छ ।

छैटौं, गम्भीर मुद्दामा सफाइ भएपछि त्यसको कारणबारे सरकारी वकिलको कार्यालयबाट अनिवार्य समीक्षा हुनुपर्छ । उद्देश्य कसैलाई दोष लगाउनु होइन, एउटै प्रकारको कमजोरी दोहोरिन नदिनु हो ।

र, अन्त्यमा, सफाइ पाएपछि नागरिकलाई 'सबै ठीक भयो' भनेर घर पठाएर राज्यको दायित्व पूरा हुँदैन । जागिर गुमेको छ भने पुनर्बहाली, रोकिएको सम्पत्ति वा सुविधा फिर्ता, परिवारले बेहोरेको क्षति र सामाजिक पुनर्स्थापनाको स्पष्ट प्रक्रिया आवश्यक छ ।

तीन देशको अनुभव : अदालत पुग्नुअघि नै 'फिल्टर' कसुर ठहर दर उच्च हुँदैमा न्याय प्रणाली गुणस्तरीय छ भन्ने हुँदैन । मुख्य कुरा प्रमाण नपुगेका मुद्दा अदालत पुग्नुअघि नै रोक्ने व्यवस्था हुनुपर्छ । जापानमा अभियोजनअघि नै कडा छनोट हुन्छ । प्रहरीबाट आएका आपराधिक मुद्दामध्ये एक तिहाइभन्दा कममा मात्र अभियोगपत्र दायर हुने र अदालत पुगेका मुद्दामा कसुर ठहर दर ९९ प्रतिशतभन्दा माथि रहने तथ्यांक छ । अर्थात् धेरै मुद्दा अदालत पुग्नुअघि नै रोकिन्छन् ।

अमेरिकाको संघीय प्रणालीमा अभियोजनसँगै स्वीकारोक्तिबाट मुद्दा टुंग्याउने अभ्यास छ । उपलब्ध तुलनात्मक तथ्यांकअनुसार करिब ९७ प्रतिशत मुद्दा स्वीकारोक्तिमार्फत टुंगिन्छन् । त्यसैले अदालतमा पूर्ण सुनुवाइ हुने मुद्दाको संख्या तुलनात्मक रूपमा कम हुन्छ ।

बेलायतमा सरकारी अभियोजन सेवाले मुद्दा चलाउनुअघि 'पूर्ण परीक्षण' गर्छ । उपलब्ध प्रमाणले दोषी ठहर हुने यथार्थ सम्भावना देखाउँछ कि देखाउँदैन र मुद्दा चलाउनु सार्वजनिक हितमा छ कि छैन भन्ने परीक्षणपछि मात्र अभियोजन अघि बढाइन्छ । त्यहाँ कसुर ठहर दर ८२.५ प्रतिशत रहेको तथ्यांक छ ।

यी देशका प्रणालीलाई नेपालमा हुबहु लागू गर्नुपर्छ भन्ने होइन । जापानको लामो हिरासत र स्वीकारोक्तिमा आधारित अनुसन्धान पद्धतिमाथि समेत आलोचना हुँदै आएको छ । त्यसैले उच्च कसुर ठहर दर आफैंमा न्यायको आदर्श मानक होइन । नेपालमा आर्थिक वर्ष २०८१/८२ मा सरकारी वकिलसमक्ष पुगेका ७१ हजार २२३ प्रतिवादीमध्ये ६६ हजार ३८२ जनाविरुद्ध मुद्दा चलाइयो । अर्थात् ९३.२ प्रतिशत फाइलमा अभियोजन भयो । मुद्दा नचलाउने निर्णय ४ हजार ८४१ जनाको हकमा मात्र भयो ।

यसैले प्रश्न उठ्छ- नेपालमा प्रमाणको पहिलो बलियो परीक्षण अदालत पुग्नुअघि नै हुन्छ कि हुँदैन ?

### एमालेमा...

भएकी थिइन् । तर २०७२ सालमा राष्ट्रपति निर्वाचित भएपछि दलगत राजनीति छाडेकी थिइन् । ११ वर्षपछि एमालेमा वरिष्ठ नेता बनाएर एमालेले सक्रिय राजनीतिमा संलग्न गराएको हो । भण्डारी पहिलोपटक २०७२ कात्तिक १२ गते राष्ट्रपतिमा निर्वाचित भएकी थिइन् । उनको पहिलो कार्यकाल २०७४ फागुन २९ गते सकियो । त्यसको भोलिपल्ट उनी दोस्रो कार्यकालका लागि पुनः राष्ट्रपति निर्वाचित भइन् । दोस्रो कार्यकाल २०७९ फागुन २९ गते सकियो ।

त्यसपछि उनी राष्ट्रपति बनेपछि निष्क्रिय भएको पार्टी सदस्यता सक्रिय गराउन लागिन् । २०८२ असार १४ गते मदन भण्डारीको जन्मजयन्तीका अवसरमा आयोजित कार्यक्रममा उनले आफू एमालेको सक्रिय राजनीतिमा फर्किएको सार्वजनिक घोषणा नै गरेकी थिइन् । तर एमालेमा उनको सदस्यता नवीकरणको विषयमा विवाद भयो । २०८२ साउन ५ र ६ गते बसेको एमाले केन्द्रीय कमिटी बैठकले भण्डारीको सदस्यता होल्डमा राख्ने निर्णय गर्‍यो । पूर्वराष्ट्रपति सक्रिय दलीय राजनीतिमा फर्कनु उपयुक्त नहुने तर्क कतिपयले गरे । अध्यक्ष ओलीले नै पनि राष्ट्राध्यक्ष भइसकेको व्यक्ति राष्ट्रिय एकताको प्रतीक र संविधानको संरक्षकका रूपमा रहेको भन्दै पार्टीको कार्यकर्ता वा नेता बन्न नहुने तर्क गरेका थिए ।

भण्डारीले भने आफू ४५ वर्षदेखि एमालेमा आबद्ध रहेको र पार्टीकै तर्फबाट राष्ट्रपति बनेकोल पार्टी त्यागेका भन्न नमिल्ने तर्क गरिन् । २०८२ पुसमा भएको एमालेको ११औं महाधिवेशनमा ओली तेस्रोपटक अध्यक्ष निर्वाचित भए । सदस्यता नै नवीकरण नभएपछि भण्डारी प्रतिस्पर्धामा आउन सकिनन् ।

भण्डारीको समर्थन लिएर ईश्वर पोखरेल ओलीसँग अध्यक्षमा प्रतिस्पर्धामा उत्रिए । चुनाव जित्न सकेनन् । ओलीकै नेतृत्वमा २१ फागुन २०८२ को प्रतिनिधिसभा निर्वाचनमा एमालेले ठुलो राजनीतिक धक्का व्यहोर्‍यो । निर्वाचन परिणामपछि पार्टीभित्र नेतृत्व र संगठन पुनर्गठनबारे बहस सुरु भयो । यही पृष्ठभूमिमा एमालेमा भण्डारीको शक्तिशाली पुनरागमन भएको हो ।

योसँगै एमालेभित्र रहेको असन्तुष्टि मत्थर हुने र असन्तुष्ट पक्षले पनि पार्टीमा संघर्ष गरेर आफ्नो स्थान खोज्ने अवसर पाएको नेताहरू बताउँछन् । यसले एमालेमा नयाँ समीकरण देखा परे पनि पार्टी नै फुटतर्फ नजाने र यसले पार्टीको हित गर्ने उनीहरूको तर्क रहेको छ ।

### जोखिम...

यात्रा नगर्न सरकारे सूचित गरेको छ । सरकारसहित अन्य राजनीतिक दलहरूले समेत सम्भावित जोखिमबाट सुरक्षित रहनका लागि उच्च सतर्कता अपनाउन आमनागरिकलाई अनुरोध गरेका छन् । सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस, विपक्षी दलहरू नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टीले पनि अत्यावश्यक कामबाहेक जोखिमपूर्ण यात्रा नगर्न, लामो दूरी र रातिको समयमा यात्रा नगर्न भनेका छन् ।

नेकपाले बिहीबार एक वक्तव्य जारी गर्दै सम्भावित भारी वर्षा, बाढी, पहिरो, डुबानलगायत जोखिमप्रति उच्च सुरक्षा सतर्कता अपनाउन आग्रह गरेको हो । प्रवक्ता प्रकाश ज्वालाले विज्ञप्ति जारी गर्दै असोज ९ गतेदेखि ११ गतेसम्म नेपालका विभिन्न भागमा मेघगर्जन र चट्याङसहित भारीदेखि धेरै भारी वर्षा हुन सक्ने भएकाले सतर्क रहन अनुरोध गरे । 'नदी-खोला किनार वा आसपास तथा बाढी-पहिरोको जोखिम भएका क्षेत्रमा नजान, जोखिमयुक्त स्थानमा रहेकाहरू समयमै सुरक्षित स्थानमा जान, पशुचौपाय, औषधि, बहुमूल्य धनसम्पत्ति, महत्त्वपूर्ण कागजात, खाद्यान्न, लत्ताकपडा आदि सुरक्षित राख्न अनुरोध गर्दछौं,' उनले भनेका छन् ।

केही समयअघि मात्र रसुवा-भोटेकोशी विनाशकारी बाढीबाट ठुलो जनधनको क्षति भएको र प्रभावित जनसमुदाय अझै कठिन अवस्थामा रहेको परिवेशलाई दलहरूले स्मरण गराएका छन् । भारी वर्षाका कारण पुनः अर्को प्राकृतिक प्रकोपको सम्भावित जोखिमप्रति सबै पक्ष गम्भीर बन्न उनीहरूले आग्रह गरेका हुन् ।

### गलत...

स्वीकार गरेको छ । तर बयान अझै मुख्य प्रमाण छ र यातना त्यसको सहारा ।

चौथो, अभियोजनको फिल्टर । आर्थिक वर्ष २०८१/०८२ मा जिल्ला तहमा ६६ हजार ३८२ प्रतिवादीविरुद्ध मुद्दा चलाइयो । मात्र ४ हजार ८४१ जना, अर्थात् ६.८ प्रतिशतका हकमा मुद्दा नचलाउने निर्णय भयो । तर पछि गम्भीर मुद्दामा ५२ प्रतिशतले सफाइ पाए । फिल्टरले सही काम गरेको छैन भन्ने यही संख्याले देखाउँछ ।

महान्यायाधिवक्ताको कार्यालयले आफ्नै प्रतिवेदनमा लेखेको छ, 'पर्याप्त आधारबिना नै अभियोजन गर्ने, अभियोजन गर्दा ठीक ढंगले गर्न नसक्नु, साक्षी संरक्षणसम्बन्धी कानुनी व्यवस्थाको अभाव, समयमै परीक्षण प्रतिवेदन प्राप्त नहुनु र अदालती कारबाहीमा समय लाग्ने कारण साक्षी उपस्थित गराउन कठिनाइ रहनु ।'

एक सरकारी वकिलले वर्षमा औसत करिब नौ सय मुद्दा हेर्नुपर्ने अवस्था छ । यति कार्यभारमा हरेक मिसिलको प्रमाण जाँच्ने अपेक्षा गर्नु आफैंमा व्यावहारिक छैन ।

पाँचौं, थुनछेक । अदालतले थुनामा पठाउँदा प्रमाणको तौल जाँच्नुपर्ने हो । व्यवहारमा अभियोगपत्रमा उल्लिखित दफा नै आधार बन्छ । धरौटी तोक्दा प्रतिवादीको आर्थिक हैसियत हेर्ने अभ्यास कमजोर छ । परिणाम स्वरूप सम्पन्न प्रतिवादी बाहिर र विपन्न प्रतिवादी जेलभित्र पर्छन् ।

### मलेसियाली...

सम्बन्धमा कुराकानी भएको मन्त्रालयले जनाएको छ ।

मन्त्री यादवले मलेसिया सरकारले आफ्नो तर्फबाट लागू गरेको प्रणालीमा सूचीकृत भएका भनिएका नेपालका २५ वटा प्रिन्सिपल एजेन्सी र सोअन्तर्गत रहने गरी छनोट भएका २५० वटा सपोर्टिङ एजेन्सीका सन्दर्भमा नेपालको वैदेशिक रोजगारसम्बन्धी कानुन उद्धृत गर्दै नेपाल सरकारबाट मान्यता प्राप्त सबै इजाजतपत्र प्राप्त संस्थाले गन्तव्य मुलुकमा निर्वाध र समान रूपमा श्रमिक पठाउने प्रावधान रहेको उल्लेख गरेका छन् ।

मन्त्रालयले विज्ञप्तिमा भनेको छ, 'हाल सक्रिय रहेका ११ सयभन्दा बढी इजाजतपत्र प्राप्त संस्थाले काम गरिरहेको जानकारी गराउँदै नेपाल सरकारबाट इजाजतपत्र प्राप्त सबै संस्थालाई सो प्रणालीमा सूचीकरणका लागि अवसर उपलब्ध गराउन अनुरोध गर्नुभयो । साथै, नेपाल सरकार र मलेसिया सरकारबीच भएको श्रम सम्झौतामा समेत नेपाल सरकारबाट इजाजतपत्र प्राप्त संस्थाले मलेसियामा समान हैसियतमा नेपाली कामदार पठाउन पाउने प्रावधान रहेको स्मरण गराउँदै सो प्रणालीमा इजाजतपत्र प्राप्त संस्थाको सूचीकरण दुईपक्षीय समझदारी र दुवै पक्षलाई मान्य हुने गरी कार्यान्वयनमा लगिनुपर्ने पनि उल्लेख गर्नुभयो ।'

त्यसैगरी, मन्त्री यादवले विकसित अवस्था व्यवस्थापनका लागि संवादलाई निरन्तरता दिन र संवादबाट नै निष्कर्ष निकाल्नका लागि अनुरोध गरेको विज्ञप्तिमा उल्लेख छ । मलेसियाका मन्त्रीले समेत संवादबाट नै निष्कर्षमा पुग्न सकिने बताउँदै मलेसिया सरकारले नेपालसँगको श्रम सम्बन्धलाई उच्च प्राथमिकतामा राखेको, मलेसिया सरकारसमेत सुरक्षित, मर्यादित र पारदर्शी श्रम आप्रवासनका पक्षमा रहेको जानकारी दिएको विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा अगाडि भनिएको छ, 'मलेसिया सरकार सदैव नेपाल सरकारको साथमा रहने र हाल लागू गरिएको प्रणालीका सम्बन्धमा नेपालमा विकसित अवस्था र नेपालको अनुरोधलाई छलफलमा राख्ने बताउनुभएको छ ।' यो जवाफलाई जानिफकारहरुले कुटनीतिक जवाफकोरुपमा लिएका छन् । यद्यपि मलेसियाको सिण्डिकेटको विषय भने दुई देशका प्रधानमन्त्रीकै तहमा पुगिसकेकोले केहि समय मैं यसले निष्कर्ष भेटिटाउने आकलन गरिएको छ ।

### युएईको...

लैजान सकिने व्यवस्था गर्न अनुरोध गरेको थियो । तर, युएईले प्रहरी चालचलन रिपोर्ट एटेस्टेसनको विषय युएईको आन्तरिक सुरक्षा व्यवस्थासँग सम्बन्धित रहेका कारण उक्त प्रक्रिया पूर्णरूपमा हटाउन सम्भव नभए पनि अक्टोबर २०२६ देखि युएईमा वैदेशिक रोजगारीका लागि जाने नेपाली श्रमिकहरूको प्रहरी चालचलन रिपोर्ट एटेस्टेसनमा लाग्दै आएको शुल्कमा ५० प्रतिशत छुट प्रदान गर्ने बताएको छ । साथै, हाल लागिरहेको समयावधिलाई घटाई अबदेखि ३ कार्यदिनभित्र प्रमाणीकरण सम्पन्न हुने व्यवस्था मिलाइएको दूतावासले जानकारी दिएको छ ।

जेनजी आन्दोलनपछि नेपाल प्रहरीले जारी गरेको प्रहरी चालचलन रिपोर्ट प्रमाणीकरण गर्न दूतावासले ३ सय ५३ दिराम, करिब १४ हजार रुपैयाँ लिने गरेको छ । दूतावासले युएईले ६४ मुलुकबाट आफ्नो मुलुक प्रवेश गर्ने विदेशी नागरिकको प्रहरी चालचलन रिपोर्ट प्रमाणीकरण गरिरहेको भन्दै जेनजी आन्दोलनका क्रममा भागेका ३ हजारभन्दा बढी कैदी नेपालमा पक्राउ नपरेकाले नेपालीप्रति निगरानी बढाएको जानकारी दिएको छ । दूतावासले सबै मुलुकमा ३ सय ५३ दिराम शुल्क तोकेको भए पनि नेपालमा आएको अकल्पनीय बाढीले ठुलो नोक्सानी गरेको अवस्थामा आधा शुल्क छुट दिने निर्णय भएको समेत बताएको छ ।

त्यस्तै, निकट भविष्यमा नेपालबाट भ्रमण तथा व्यावसायिक भिसामा युएई जाने नेपाली नागरिकहरूका लागि प्रहरी चालचलन रिपोर्ट प्रमाणीकरण गर्न नपर्ने व्यवस्था मिलाउने प्रतिबद्धता समेत राजदूतबाट व्यक्त भएको संघले बताएको छ ।

त्यसैगरी, युएईले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित व्यावसायिक उडान सञ्चालन गर्न थालेको र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलबाट समेत नियमित उडान सञ्चालनका लागि आवश्यक पहल भइरहेको तथा छिट्टै नियमित उडान सञ्चालन हुने प्रतिबद्धता दूतावासबाट जानकारी प्राप्त भएको संघले बताएको छ ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन भएको अवस्थामा न्यून हवाई शुल्कका कारण विगतमा भारत हुँदै गन्तव्य मुलुक जान बाध्य नेपाली श्रमिकहरूले समेत राहत पाउने अपेक्षा गरिएको छ । वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिक तथा गण्डकी प्रदेशसहित क्षेत्रमा कार्यरत व्यवसायीहरूले उक्त विमानस्थलहरू प्रयोग गरी श्रमिक पठाउने र नियमित हवाई सेवा सञ्चालनलाई थप सहज तथा दिगो बनाउने वातावरण सिर्जना गर्न संघको आग्रह छ ।

संघले व्यवसायीहरूले भोग्दै आएका अव्यावहारिक समस्याहरूको समाधानका लागि सम्बन्धित निकाय तथा कूटनीतिक नियोगहरूसँग निरन्तर समन्वय, सहकार्य र पहल गर्दै आइरहेको महासचिव हिराबहादुर डाँगी (हरि)ले जानकारी दिएका छन् । संघको प्रतिनिधिमण्डलमा द्वितीय उपाध्यक्ष अनिल बोगटी, तृतीय उपाध्यक्ष लक्ष्मण पौडेल, महासचिव डाँगी र कोषाध्यक्ष धनु सिंजाली सहभागी थिए ।

नेपाल सरकार
सडक विभाग
सडक डिभिजन चरिकोट
बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
सूचना प्रकाशन मिति २०८३/०६/०९

यस कार्यालयको श्री सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली मार्फत मिति २०८३/०३/३२ मा प्रकाशित सूचना नं. ११-०८२/८३ को अनुसार तपसिल बमोजिमको बोलपत्रदाताको दाखिला हुन आएका मध्ये औषत अंकसंग सबैभन्दा नाजिक सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २को प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण बोलपत्रदाताको जानकारीको लागि जारी गरिएको छ ।

तपसिल

| सि.नं | ठेक्का नं. | स्वीकृतिको लागि छनोट भएका बोलपत्रदाताको नाम | कबोल अंक(मु.अ कर र पी.एस. सहित) |
|---|---|---|---|
| १. | RDCHT/33701132/ 082/83-35 | M/S Sobarna Nirman Sewa, Sindhupalchowk | 19,86,07,746.74 |
| २. | RDCHT/33701132/ 082/83-36 | M/S Jaya Bishnu Nirman Sewa P. Ltd,Kathmandu | 32,15,27,200.00 |
| ३. | RDCHT/33701138/ 082/83-37 | M/S Gyanjyoti-Ghising-Amarjyoti-JV,Kathmandu | 63,88,59,370.59 |

डिभिजन प्रमुख

### सर्वोच्चको फैसला
# ‘विवाहको प्रलोभनसहितको शारीरिक सम्बन्ध स्वतन्त्र सहमति होइन’

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ८ असोज



२२ वर्षीया पीडित युवती र काभ्रेपलाञ्चोकका समीर भन्ने शमशेर तामाङबीच सामाजिक सञ्जाल (फेसबुक) मार्फत चिनजान भयो । तामाङले लगातार फोन सम्पर्क र भेटघाटका क्रममा युवतीलाई विवाह गरी श्रीमती बनाएर राख्छु भन्दै प्रलोभन र आश्वासन दिँदै गए । उनको मनसाय विवाह गर्ने थिएन, तर विवाहको प्रलोभन तथा आश्वासन दिएर उनी युवतीसँग शारिरीक सम्बन्ध राख्न चाहन्थे ।

२०७६ साल जेठ १ गते पीडित युवती आफ्नी बिरामी दिदीको हेरविचार गर्न काभ्रेको बनेपा पुगेकी थिइन् । जेठ ४ गते साँझ काठमाडौं फर्किने क्रममा तामाङले विवाह गर्ने प्रलोभन देखाई उनलाई भक्तपुरको मध्यपुर थिमी नगरपालिकास्थित आफ्नी दिदी सीता वाइवाको डेरामा पुऱ्याए । पीडित युवतीले अदातलमा दिएको बयान अनुसार तामाङले बाहिर निस्कन नदिने र मोबाइल फोनसमेत प्रयोग गर्न नदिई पूर्णतः सञ्चारविहीन बनाएका थिए । तामाङले पटक-पटक शारीरिक सम्बन्ध राख्ने प्रयास गरेका थिए । तर पीडित युवतीले विवाह र टीकाटालो गरेपछि मात्र शारीरिक सम्बन्ध राखौं भन्दै स्पष्ट अडान राख्दाराख्दै पनि उनको इच्छा विपरीत शारीरिक सम्बन्ध राखे । उनले विवाहको आश्वासन दिएर पटक-पटक जबरजस्ती करणी गरेको युवतीले बयान दिएकी छन् ।

जेठ ११ गते बिहान तामाङले पीडित युवतीलाई पुनःबनेपास्थित दिदीको कोठामा ल्याएर छाडिदिए र कामको सिलसिलामा १५ दिनका लागि गाउँ जाने बताएका थिए । तर तामाङ सम्पर्कमा नआएपछि पीडितले आफूमाथि भएको घटनाबारे परिवारलाई बताएपछि खोजतलास गर्दा तामाङ पहिले नै विवाहित रहेको र अर्के युवतीसँग विवाह गरिसकेको तथ्य खुलेको थियो । झुटो आश्वासन दिएर छलकपट गरिएको थाहा पाएपछि पीडितले २०७६ जेठ महिनामै प्रहरीमा किटानी जाहेरी दिएकी थिइन् ।

भक्तपुर जिल्ला अदालतमा २०७६ माघ १३ गते प्रमाण, स्वास्थ्य परीक्षण प्रतिवेदन र बयानका आधारमा जिल्ला अदालतले प्रतिवादी तामाङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ बमोजिम ७ वर्ष कैद र दफा २२८ बमोजिम ५० हजार रुपैयाँ क्षतिपूर्ति भराउने फैसला गऱ्यो । पाटन उच्च अदालतले २०७७ माघ २५ गते दुवै उमेर पुगेका व्यक्तिबीच सहमतिमा सम्बन्ध भएको भन्दै अभियुक्तलाई सफाइ दिएपछि पीडित थप पीडामा परेकी थिइन् । उच्च अदालतले आरोपितलाई सफाई दिएपछि मुद्दा सर्वोच्च अदालतसम्म पुग्यो । आरोपित पुरुषले आफूहरुबीच सहमतिमा नै शारीरिक सम्बन्ध भएको र त्यसक्रममा कुनै प्रलोभन वा आश्वासन नदिएको दाबी गरेका थिए । तर पीडित युवतीले भने विवाह गर्ने सहमति अनुसार मात्रै आफू शारीरिक सम्पर्कका लागि तयार भएको बयान दिएकी थिइन् ।

६ वर्ष लामो कानुनी संघर्षपछि सर्वोच्च अदालतका न्यायाधीशद्वय सपना प्रधान मल्ल र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले पाटन उच्च अदालतको सफाइ फैसला उल्टी गर्दै प्रतिवादी तामाङलाई ७ वर्ष कैद र ५० हजार रुपैयाँ क्षतिपूर्ति भराउने सुरु भक्तपुर जिल्ला अदालतको फैसला कायम गरेपछि पीडित युवतीको कानुनी लडाइँले सार्थकता पाएको छ ।

सर्वोच्च अदालतले विवाहको आश्वासन र प्रलोभनसहित शारीरिक सम्पर्क स्थापित गर्ने तामाङलाई बलात्कारको मुद्दामा कसुरदार ठहर गरेको हो । बिहेको उद्देश्य नभएको तर विवाह गर्छु भनी अनुचित प्रभावमा पारेर स्थापित शारीरिक सम्पर्कलाई ‘सहमतिको सम्बन्ध मान्न नसकिने’ व्याख्या गरेको हो । सर्वोच्च अदालतले सार्वजनिक गरेको फैसलाको पूर्णपाठमा भनिएको छ, ‘विवाह गर्छु भनी लिइएको सहमतिलाई स्वतन्त्र सहमति मान्ने हो भने यसले महिलाको भावना, सामाजिक अपेक्षा र शारीरिक संवेदनशीलताको पूर्ण उन्मुक्तिका साथ शोषण गर्न छुट दिन्छ, जसले गर्दा शारीरिक स्वयत्ततालाई नियोजित झुटमार्फत प्राप्त गर्न सक्ने वस्तुमा परिणत हुन जान्छ ।’

सर्वोच्च अदालतले विवाह गर्ने आश्वासनयुक्त सहमतिको स्वतन्त्र सहमति मान्न नमिल्ने व्याख्यासहित पुरुषलाई दोषी ठहर गरेको हो । जिल्ला अदालतकै फैसलालाई सदर गरेको छ । ‘यदि यी प्रतिवादीले विवाह गर्ने प्रलोभन नदेखाएको भए पीडित युवती प्रतिवादीसँग करिब एक हप्तासँगै बस्नु स्वाभाविक हुनै सक्दैन’ फैसलाको पूर्णपाठमा भनिएको छ, ‘तसर्थ विवाह गर्छु भनी वा विवाह गर्न भनी लगि करणी गरेकोलाई स्वतन्त्र सहमति मान्न सकिएन ।’ न्यायाधीशहरू मल्ल र पाण्डेयको इजलासले मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा २१९(१)(क)मा भएको व्यवस्था अनुसार जबर्जस्ती करणी ठहरिने फैसला गरेको हो । उक्त दफामा ‘करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यानमा पारी वा अपहरण गरी वा शरीर बन्धक लिइ लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन’ भन्ने व्यवस्था छ । विवाहित व्यक्तिले अर्को व्यक्तिलाई विवाहको आश्वासन दिनु नै दूषित मनसाय हुने भन्दै सर्वोच्च अदालतले त्यस्तो सम्बन्ध स्वतन्त्र नभइ प्रलोभनयुक्त हुने व्याख्या गरेको हो । जागिर लगाइदिने आश्वासनसहित भएको एक बलात्कार घटनाको नजिर औंल्याउँदै सर्वोच्च अदालतले भनेको छ, ‘विवाह गर्ने झुटा आश्वासन दिएर पीडित महिलाले यौनसम्पर्कको लागि दिएको सहमतिलाई स्वतन्त्र सहमति मान्न मिल्दैन ।’

# प्रवासी नेपाली मञ्च जापानको अध्यक्षमा बाबुराम भण्डारी निर्वाचित

**पूर्ण चलाउने/मध्यान्ह**
टोकियो, ६ असोज

प्रवासी नेपाली मञ्च (ओएनएफ) जापानको अध्यक्षमा बाबुराम भण्डारी सर्वसम्मत निर्वाचित भएका छन् । प्रवासी नेपाली मञ्च जापान राष्ट्रिय कमिटीको २२औं राष्ट्रिय अधिवेशनबाट भण्डारी अध्यक्षमा निर्वाचित भएका हुन् । सेप्टेम्बर २० तारिख आइतबार टोकियोमा सम्पन्न २२औं राष्ट्रिय अधिवेशनले नयाँ नेतृत्व चयन गरेको भए पनि नयाँ कार्यसमितिको औपचारिक घोषणा तथा शपथग्रहण भने सेप्टेम्बर २३ तारिख बुधबार गरिएको हो ।

नेतृत्व चयनका लागि सर्वसम्मतको प्रयास गरिए पनि आपसी सहमति जुट्न केही समय लागेकाले नयाँ कार्यसमिति घोषणा गर्न ढिलाइ भएको निर्वाचन समितिले जनाएको छ ।

## युएईमा रोजगार

कम्पनी: SEATTLE INTERNATIONAL SERVICES — शहर: ABU DHA
पूर्व स्वीकृत मितिः २०८३/०६/०८ — चलानी नं.: ६०२६१६७२ — LT. No.: 348431

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assist. Welder | 25 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ६२,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 25 | 0 | | 1500 | ६२,४४५ | | | | | | | |
| 3. | Carpenter/steel Fixer | 25 | 0 | | 1500 | ६२,४४५ | | | | | | | |
| 4. | Helper /labourer / Ceramic Worker /building Worker | 25 | 0 | | 1200 | ४९,९५६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १६ गते (2 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PRO JOB SOLUTION PVT. LTD.** श्रम इजाजत नं. १७९१/०८२/८३
Kathmandu Metropolitan City - 9, Gaushala Contact No: 9709419270 (Hum Kant Parajuli)
E-mail: projobsolutionpvtltd61@gmail.com

## UAE मा रोजगार

कम्पनी : FIBREX CONTRACTING — शहर : ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/११/११ — चलानी नं.: ६०२३३४५० — LT. No.:319299 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steel Fixer | 26 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Metal Structure Maker | 44 | 0 | | 1200 | | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १६ गते (2 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PREMIUM HUMAN RESOURCE** श्रम इजाजत नं. १६३१/०८०/०८१
Samakhusi -03, Kathmandu, Nepal, Tel No: 01–5917815, 5917814
Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np

## युएईमा रोजगार

कम्पनी : DECAGON SCAFFOLDING AND ENGINEERING CO L.L.C — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८३/०६/०७ — चलानी नं.: ६०२६१५९१ — LT. No.: 348169

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 5 | 0 | स. काममा दक्ष | 1500 | ६२४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १६ गते (2 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PROTECH NEPAL EMPLOYMENT PVT. LTD.**
गोंगबु-६, काठमाडौं, नेपाल, फोनः ५९०६९२३, ५९०४९५१, Email : cv.protechnepal@gmail.com
Gobinda Prasad Kapali : 9841280603
श्रम इजाजत नं. ७९०/०६५/०६६

## साउदीमा रोजगार

कम्पनीः Assa Gulf Contracting Company — शहरः Saudi Arabia,Dammam
पूर्व स्वीकृत मितिः २०८३/०६/०८ — चलानी नं.: ६०२६१६०८ — LT. No.: 348419

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ४०७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १६ गते (2 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PROFESSIONAL Recruiters Group**
Govt. Lic. No. 1767/081/082
Kathmandu- 3 , Nepal. Phone No: 01-4975466, 01-4975467., Email: www.prgnepal.com/info@prgnepal.com
Sumer Maharjan Contact No : 9841456029

## युएईमा रोजगार

कम्पनी : GLOBAL PROCESSING LLC — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८३/०६/०५ — चलानी नं.: ६०२६१४१८ — LT. No.: 348226

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Helper/Labour | 25 | 0 | स. काममा दक्ष | 1200 | ४९९५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १६ गते (2 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Luna HR Solutions Pvt. Ltd.**
Govt. Lic. No. 799/065/066
Bhimsengola-31, Kathmandu, Tel: 01-4110391, 4110394, 9709168633 (Swadesh Chaudhary)
E-mail: lunahrsolutions@gmail.com, website: www.lunahrsolutions.com

## कुवेतमा रोजगार

कम्पनी : Sweeet Beauty Salon for Ladies — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८३/०६/०६ — चलानी नं.: ६०२६१५९२ — LT. No.: 348313

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician-Hair Stylist/Pedicurist/ Manicurist/Complexion Massure/Nail Art/Hena | 0 | 5 | स. काममा दक्ष | 150 | ७४५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १६ गते (2 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**THREE BROTHERS HUMAN RESOURCE PVT. LTD.** श्रम ईजाजत पत्र नं. ७१३/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, अलिना बस्नेत सम्पर्क नं. ९८२३३२३५७७, E-mail: threebrothershrrec@gmail.com

# जीवन बचाउन सहयोगको याचना

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ८ असोज

म्याग्दीको रघुगंगा गाउँपालिका-२, भगवती थापाटोलकी ३२ वर्षीया रिता थापाको जीवन बचाउन परिवारले आर्थिक सहयोगको याचना गरेको छ । अचानक मस्तिष्क पक्षघात (ब्रेन स्ट्रोक) र फोक्सोमा गम्भीर समस्या देखिएपछि दुई महिनादेखि काठमाडौंस्थित अन्नपूर्ण न्युरो अस्पतालमा उपचाररत रिताको उपचारमा हालसम्म २५ लाख रुपैयाँभन्दा बढी खर्च भइसकेको परिवारले जनाएको छ ।

स्वास्थ्यमा अपेक्षित सुधार नआएपछि रितालाई लामो समयदेखि सघन उपचार कक्ष (आइसियु) तथा विशेष निगरानीमा राखेर उपचार गराउनुपरेको छ । चिकित्सकीय उपचार अझै केही समय जारी राख्नुपर्ने भएपछि सामान्य आर्थिक अवस्था रहेको थापा परिवारका लागि खर्च धान्न कठिन भएको छ ।

रिताको उपचारका लागि आफन्त तथा छरछिमेकबाट ऋण धन गरेर अहिलेसम्म खर्च जुटाइएको थियो । तर, निरन्तरको उपचारले परिवारको आर्थिक स्रोत सकिएपछि थप उपचारका लागि सहयोगको अपिल गर्नुपरेको उनका श्रीमान् सुरेश थापाले बताए । रिताका दुई साना छोराछोरीसमेत छन् ।

## चामुण्डाविन्द्रासैनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जम्बुकाँध, दैलेख
कर्णाली प्रदेश, नेपाल

### सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०६/०९**

यस नगरपालिका अन्तर्गत असिनाबाट प्रभावित कृषकहरूलाई अनुदानमा वितरण गर्ने प्रयोजनका लागि गहुँको उन्नत बीउ खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (सोह्रौं संशोधन, २०८३ समेत) बमोजिम योग्य तथा इच्छुक इजाजतप्राप्त आपूर्तिकर्ता/फर्म/कम्पनीहरूबाट देहायबमोजिम सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. र खरिद विवरण | परिमाण | इकाई | लागत अनुमान | दरभाउपत्र जमानत |
|---|---|---|---|---|---|
| १ | SQ/GOODS/WHEAT/02-2083/084 र असिना पीडित कृषकलाई अनुदानमा गहुँको उन्नत बीउ वितरण (जस्तैः WK१२०४, स्वर्गदारी वा प्रचलित उपयुक्त जात) | १४,७०५ | के.जी. | रु. १२,५०,०००/– | कबोल रकमको २.५% |

१. थप जानकारीका लागि: चामुण्डाबिन्द्रासैनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जम्बुकाँध, दैलेख फोन नं.: ९८५८०३८१७८
इमेल: ito.chamundabindrasainimun.gov.np/info@chamundabindrasainimun.gov.np

प्रमुख प्रशासकीय अधिकृत

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना
**तेस्रो पटक प्रकाशित मिति २०८३/०६/०९**

यस कम्पनीको मिति २०८३।०५।२४ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साबिक कम्पनी **पुर्ण केशरी रियलस्टेट एण्ड मल्टीपर्पोज कम्पनी प्रा.लि. (दर्ता नं. ३७१२३५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०५।३० को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **पुर्ण केशरी रियल स्टेट कम्पनी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

### हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता भएको **गणेश काएक एड्भेन्चर्स प्रा.लि. (प्रा.लि. नं.१०८८६६/०६९/०७०)** को मिति २०८३/०४/३१ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।
**लिक्वीडेटरः राम प्रसाद तिवारी, इजाजतपत्र नं. ४२१, फोन नं. ९८५१०६८४११**

## भगवतीमाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

### शिलबन्दी दरभाउपत्र आह्वानको सूचना
**सूचना नं. ०२/खरिद इकाई**
**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०६/०९)**

भगवतीमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, दैलेख यस गाउँपालिका अन्तर्गत देहायका सामग्री खरिद तथा सप्लाई कार्य गर्नु पर्ने भएकोले हार्ड-बिड मार्फत रितपूर्वकको शिलवन्दी दरभाउपत्र आह्वान गर्दछ ।

| ठेक्का नं. | कामको विवरण | दरभाउपत्र फाराम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|
| BRM/GOODS/SQ/02/2083/084 | मसलन्द तथा कार्यालय सामग्री खरिद तथा सप्लाई कार्य | १,०००.०० | ४०,०००/- |

**दरभाउपत्र पेश गर्ने, खोलिने अन्तिम म्याद र दरभाउपत्र जमानतः**

| दरभाउपत्र पेश गर्ने अन्तिम मिति: मिति | दरभाउपत्र पेश गर्ने अन्तिम मिति: समय | दरभाउपत्र खोलिने मिति: मिति | दरभाउपत्र खोलिने मिति: समय | दरभाउपत्र फाराम खरिदको लागि बैंक खाता: खाताको नाम | दरभाउपत्र फाराम खरिदको लागि बैंक खाता: खाता नम्बर | दरभाउपत्र फाराम खरिदको लागि बैंक खाता: नाम र शाखा | दरभाउपत्र जमानत दाखिला गर्ने बैंक खाता: खाताको नाम | दरभाउपत्र जमानत दाखिला गर्ने बैंक खाता: खाता नम्बर | दरभाउपत्र जमानत दाखिला गर्ने बैंक खाता: नाम र शाखा | राजस्व शीर्षक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०८३/०६/१६ गते | १२:०० बजे भित्र | २०८३/०६/१६ गते | १४:०० बजे | GA:1.1 BHAGAWATIMAI GA.PA. ANTARICK RAJASHWO KHATA | 15101093 28800091 | प्रभू बैंक भगवतीमाई शाखा | GA:3 BHAGAWATIMAI GA.PA. STHANIYA TAHA DHARAUTI KHATA | 15101093 28800041 | प्रभू बैंक भगवतीमाई शाखा | १४२२९ |

नोटः विस्तृत सूचनाको लागि यस कार्यालयको वेबसाइट https://bhagawatimaimun.gov.np/ मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

मध्यान्ह
www.madhyanhadaily.com
९ असोज २०८३ शुक्रबार
25 September 2026 Friday

## सम्पादकीय

# फैसलापछि मात्र सजाय

फौजदारी न्यायको उद्देश्य दोषीलाई सजाय दिनु मात्र होइन, निर्दोषलाई राज्यको दण्डबाट जोगाउनु पनि हो । तर नेपालमा गम्भीर फौजदारी मुद्दाको तथ्यांक र केही घटनाले न्याय प्रक्रियाको यही आधारभूत मान्यतामाथि गम्भीर बहसको ढोका खोलेको छ । महान्यायाधिवक्ताको कार्यालयको आर्थिक वर्ष २०८१/८२ को तथ्यांकअनुसार लागुऔषधबाहेकका गम्भीर फौजदारी मुद्दामा तीनै तहका अदालतबाट भएका १४ हजार ५४७ फैसलामध्ये ७ हजार ८६ मा सफाइ भएको छ । अर्थात् सफाइ दर ४८.७ प्रतिशत छ । जिल्ला अदालतमा ४७.५ प्रतिशत, उच्च अदालतमा ५०.५ प्रतिशत र सर्वोच्च अदालतमा ४७ प्रतिशत सफाइ देखिन्छ । यसकै आधारमा अदालतको कार्यसम्पादनमाथि प्रश्न उठाउन त नमिल्ला तर तीनै तहमा सफाइको दर करिब उस्तै रहनुले अनुसन्धान र अभियोजनको प्रारम्भिक चरणमाथि प्रश्न भने उठाउँछ । यसले समग्र न्याय प्रणालीबारे नयाँ बहसको खाँचो देखिएको छ ।

समस्या त्यतिबेला अझ गम्भीर हुन्छ, जब अभियोगको अन्तिम फैसला आउनुअघि नै नागरिकले वर्षौं थुनामा बस्नुपर्छ । कारागार व्यवस्थापन विभागको २०८३ असारसम्मको तथ्यांकअनुसार २७ हजार २३२ कैदीबन्दीमध्ये १० हजार २०९ जना पुर्पक्षका लागि थुनामा छन् । उनीहरू कानुनी रूपमा दोषी ठहर भएका होइनन् । तर लामो थुनाले उनीहरूको रोजगारी, परिवार, शिक्षा, सम्पत्ति र सामाजिक जीवन बिथोलेको छ ।

न्यायको सफलता धेरै मानिसलाई दोषी ठहर गराउनमा होइन, सही व्यक्तिलाई सही प्रमाणका आधारमा, उचित समयमा न्याय दिनुमा हुन्छ । राज्यले अपराधीलाई सजाय दिनैपर्छ । तर निर्दोष नागरिकको जीवन राज्यकै प्रक्रियाबाट नष्ट हुन नदिने जिम्मेवारी पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । अदालतको ढोका ढिलो खुल्दा न्याय मात्र ढिलो हुँदैन, कहिलेकाहीँ जीवनका महत्त्वपूर्ण वर्षहरू अनाहकमा कारागारमा बितिसकेका हुन्छन् ।

वर्षौं कारागारमा बसेर अन्तिममा निर्दोष साबित भएका थुप्रै घटनाले कानुनी प्रक्रियाको ढिलाइ र त्रुटिले नागरिकले व्यहोर्नुपरेको सास्तीलाई पुष्टि गरेको छ । अन्ततः सफाइ पाए पनि उनीहरूले गुमाएको समय फर्किंदैन । त्यसैले 'सफाइ'लाई कागजी न्यायमा मात्र सीमित राख्न मिल्दैन । त्यस्ता व्यक्तिहरूलाई उचित क्षतिपूर्तिको व्यवस्था गरिनुपर्छ ।

न्याय प्रणालीलाई बलियो बनाउन पहिलो काम अभियोजनअघिको प्रमाण परीक्षण प्रभावकारी बनाउनु हो । ताकि, पर्याप्त आधार नभएका मुद्दा अदालतसम्म नपुगून् । पक्राउअघि पहिचान प्रमाणीकरण बलियो बनोस् । बयान प्रक्रियालाई अडियो-भिडियोमा अभिलेख गरियोस् । थुनामा रहेका प्रतिवादीका मुद्दालाई प्राथमिकतामा राख्ने व्यवस्था होस् । निर्दोष ठहर भएर लामो समय स्वतन्त्रता गुमाएकालाई क्षतिपूर्ति दिने स्पष्ट कानुनी व्यवस्था गरियोस् ।

# सडकपेटीमै सुत्केरी र स्वास्थ्य सेवा

सप्तरीकी बबिता पासवान पैसाअभावमा सडकपेटीमै सुत्केरी हुनुपरेको घटनाले नेपाली अस्पतालहरूको अमानवीयता र गैरजिम्मेवारी उघारेको छ । संविधानको धारा ३५ र ३८ ले दिएको निःशुल्क आधारभूत स्वास्थ्य र सुरक्षित मातृत्वको हक सरकारी उदासीनताका कारण कोरा कागजमा सीमित बनेको छ । पहुँचवालाका लागि राज्यको साधनस्रोत दुरुपयोग हुने तर विपन्न नागरिक सामान्य उपचार, औषधि र सम्मानजनक परामर्शबाट समेत वञ्चित हुनुपर्ने बेथिति तत्काल अन्त हुनुपर्छ ।

अग्रलेख



● झलक शर्मा

सडकपेटीमै सुत्केरी भएको घटनाले नेपाली अस्पतालहरू बिरामीप्रति संवेदनशील छैनन् भन्ने विषय उदांग्याएको छ । सप्तरी, राजविराजकी ३० वर्षीया बबिताकुमारी पासवानलाई सुत्केरी व्यथाले चापेपछि गजेन्द्रनारायण सिंह अस्पताल पुऱ्याइएको थियो । अस्पतालले विभिन्न जाँचका लागि पर्याप्त पैसा नभएको भन्दै भर्ना गर्न अस्वीकार गऱ्यो । प्रशव पीडाले छटपटिएकी गर्भवतीलाई अस्पतालले लत्याएर सडकमा नै सुत्केरी हुन बाध्य बनायो । अस्पताल प्रशासनको गैरजिम्मेवारीको पराकाष्ठा पनि देखियो । नागरिकको जन्मदेखि मृत्युसम्मको जिम्मेवारी बोकेको सरकारको औचित्यमाथि प्रश्न उठेको छ ।

के यो मुलुकमा गरिबले स्वास्थ्य उपचारबाट वञ्चित हुनुपर्ने हो ? के प्रजनन अधिकारमाथि अंकुश लागेको हो ? के नवजात शिशुहरूको जन्मन पाउने अधिकार हरण भएको हो ? नयाँ जनादेशबाट बनेको सरकारले पनि उही पुरानै दलको सिको गरेको छ । केही महिनाअघि पूर्वाधार विकासमन्त्री सुनील लम्साल देश दौडाहाका क्रममा बैतडीमा बिरामी भएपछि हेलिकोप्टर चार्टर गरी राजधानी ल्याइयो । तर मन्त्रीको स्वास्थ्य अवस्थाभन्दा जटिल गर्भवतीलाई भने सरकारी अस्पतालबाटै लखेटिन्छ । निमुखा जनताले ज्वरो आउँदा सिटामोल पाउँदैनन् । एम्बुलेन्सको सेवा लिन नेताको नै सोर्सफोर्स लगाउनुपर्छ । यसलाई अस्वाभाविक मान्न पर्दैन । राज्यशक्तिको दुरुपयोगमा अहिले पनि कोही न कोही सक्रिय छन् भन्ने व्यवहार छर्लंग देखिन्छ । स्टन्टले जनताको मन जित्नेमा उनीहरू विश्वस्त छन् । जनताको समस्यालाई सरकार असफल बनाउने षड्यन्त्र देख्छन् ।



भाद्र २३ गते जेनजी सहिद दिवस मनाएर दिवंगत सहिदको सम्झना गरियो । आन्दोलनमा घाइते भएका जिउँदा सहिदहरूको रोदन विक्षिप्त देखियो । उनीहरूलाई आन्दोलनपछिको एक-दुई महिना उपचारका लागि राज्यले हेरेको र अहिले उपचारका लागि बेवास्ता गरेको गुनासो छ । घाइतेहरूसँग उपचारका लागि पर्याप्त पैसा छैन । सरकारको आस गर्दागर्दै घाउहरू झन् बल्झिँदै गएको घाइतेहरूले महसुस गरेका छन् । नियमित स्वास्थ्य परीक्षणमा देखाएको उदासीनताले जेनजी घाइते र घाइते परिवारको अपमान भएको छ । गएको फागुन ६ गते धनगढीमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै राष्ट्रिय स्वतन्त्र पार्टीका प्रस्तावित प्रधानमन्त्रीका उम्मेदवार वालेन्द्र शाहले 'खल्तीमा पैसा नभएका विपन्न गरिबले स्वास्थ्य उपचार पाउनुपऱ्यो, त्यो हो हाम्रो एजेन्डा' भनी चर्को भाषण गरेका थिए । तर प्रधानमन्त्रीको कुर्सी सम्हालेपछि भने भनाइ र गराइको तादात्म्यता मिलेको देखिँदैन । बालेन सरकारसँग जनताको ठुलो अपेक्षा थियो तर यस्तै प्रतिनिधिमूलक घटनाले जनताको हितमा सरकार कुहिरोको कागजस्तो बन्दै गएको छ ।

नेपालको संविधानको धारा ३५ मा मौलिक हकका रूपमा स्वास्थ्यसम्बन्धी हकको व्यवस्था गरिएको छ । उक्त धारामा 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन' भनी उल्लेख गरिएको छ । त्यस्तै धारा ३८ मा महिलाको हकमा प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुनेछ भनी उल्लेख गरिएको छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ तथा जनस्वास्थ्य सेवा ऐन २०७५ ले प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्व र नवजात शिशु स्वास्थ्यलाई आधारभूत स्वास्थ्य सेवाको रूपमा लिई हरेक नागरिकलाई निःशुल्क रूपमा सेवा पुऱ्याउने लक्ष्य लिएको छ । यी दुवै मौलिक हकबाट निर्मित कानुनले बबिता पासवानलाई सडकपेटीमा असुरक्षित रूपमा बच्चा जन्माउन बाध्य पार्दैन तर अस्पतालले संवैधानिक व्यवस्थालाई कोरा कागजको रूपमा बुझेर गरिब महिलामाथि अन्याय गरेको छ । सरकारले त्यस घटनासँग सम्बन्धित स्वास्थ्यकर्मी, कर्मचारीलाई छानबिन गरी कारबाहीको दायरामा ल्याउनुपर्दछ ।

अब सरकारी अस्पतालमा जनताको पहुँच किन बन्न सकेन भन्नेबारे गम्भीर बहस गर्नुपर्ने बेला आएको छ । नेपालमा हरेक वर्ष करिब एक हजार एक सयजना महिलाले गर्भ वा गर्भसँग सम्बन्धित समस्याबाट ज्यान गुमाउने गरेका छन् । सुत्केरी र नवजात शिशुको स्वास्थ्य सुरक्षा ग्यारेन्टी गर्न आमा सुरक्षा कार्यक्रम ल्याइएको छ । आमा सुरक्षा कार्यक्रमअन्तर्गत सेवाग्राही प्रसूति सेवा लिएबापत हिमाली जिल्लामा तीन हजार रुपैयाँ, पहाडी, भित्री मधेस र काठमाडौं उपत्यकाका जिल्लाहरूमा दुई हजार रुपैयाँ र तराईका जिल्लाहरूमा एक हजार रुपैयाँ यातायात खर्च प्राप्त गर्दछन् । तर यो यातायात खर्चबारे गर्भवती तथा सुत्केरी महिलाहरू अनभिज्ञ छन् । स्वास्थ्यकर्मीले अनेक झन्झटिला प्रक्रिया देखाएर यस सेवाबारे विमुख हुन बाध्य पारेको पाइन्छ ।

एकातर्फ सहज रूपमा उपचार पाइएमा जो-कोही नागरिकलाई युद्ध नै जितेजस्तो अनुभव गर्नुपर्छ । सामान्यदेखि जटिल प्रकृतिको उपचारका लागि महिना दिन कुर्नुपर्ने समस्याबाट जनता आजित छन् । पालो कुर्ने र रोग पाल्ने चक्रले झन् बिरामीलाई गलाइराखेको छ । अस्पतालको सोधपुछ कक्षबाट पर्याप्त जानकारी पाइँदैन । सरकारी अस्पतालमा कार्यरत भएको दम्भ र घमण्डले बिरामीमाथि गर्ने अमानवीय शैली प्रस्ट देखिन्छ । यी हर्कत र व्यवहारले स्वास्थ्य संस्था, अस्पतालहरू बिरामीमैत्री छैनन् भन्ने आकलन गर्न सकिन्छ ।

प्रादेशिक तथा जिल्ला अस्पतालहरू कर्म र भौतिक रूपले जीर्ण छन् । जनता बिरामी हुँदा राजधानी तथा प्रमुख सहरहरूमा दौडनुपर्ने अवस्था छ । स्वास्थ्य सेवा सर्वसुलभ हुन सकेका छैनन् । अस्पतालहरू जायजेथा बगाउने थलोका रूपमा परिचित भएका छन् । जीवनमा कमाएको धन उपचारमा नै जाने डरले अधिकांश मानिस रोग पालेर बस्नुपर्ने परिस्थिति छ । आजभोलि डाक्टरलाई कमिसनको प्रलोभनमा पारी औषधि बेच्ने समूहहरू सक्रिय छन् । बहिरंग विभागमा बिरामीभन्दा औषधि कम्पनीका प्रतिनिधिको भिड लाग्छ । कतिपय अस्पतालमा कमिसनकै चक्करमा बिरामीलाई बेवास्ता गरेको देखिन्छ । निजी अस्पतालको सेवामा गुणस्तर ल्याउने र सरकारी अस्पताललाई कमजोर बनाउने गिरोह पनि यस्तो गतिविधिमा सक्रिय छन् ।

चिकित्सकहरू प्राइभेट क्लिनिक र अस्पतालमा बिरामी जाँच गर्न हतारिन्छन् । बिरामीमाथि बेलाबेलामा हुने गम्भीर चिकित्सकीय लापरबाहीले कति मानिसको जीवन समाप्त भएको छ । फितलो नियमन, घटनाको प्रतिवेदन र क्षतिपूर्ति भरणले केही चिकित्सकहरू संवेदनशील जिम्मेवारीप्रति सचेत भएको देखिँदैन । चिकित्सकीय परामर्श पाउन बिरामीहरू घण्टौं कुर्छन् तर चित्तबुझ्दो परामर्श नपाएपछि पुनः निजी क्लिनिक धाउनुपर्ने बाध्यता छ । चिकित्सकहरूको परामर्श दिने शैली, व्यवहार सरकारी र निजी अस्पतालमा फरक-फरक देखिन्छ । बिरामीले सरकारी अस्पतालमा उपचारको उपयुक्त वातावरण नपाउनुको यथार्थ सरकारले थाहा पाउनुपर्छ । नेताहरू उपचारका लागि विदेश धाउने र अस्पताल सुधारका लागि कुनै प्रयत्न नगर्ने प्रवृत्तिले सरकारी अस्पतालमा बेथिति र चाङ बढ्दै गएको हो । आज स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा अनुचित व्यापार बढेको आमसर्वसाधारणको बुझाइ छ । अब स्वास्थ्य क्षेत्रको बेथिति सुधारका लागि सरकारको स्पष्ट दृष्टिकोण सार्वजनिक हुनु अनिवार्य छ ।

कतिपय ल्याब रिपोर्ट परीक्षण गर्न भारतसँग निर्भर रहनुपर्छ । सरकारले स्वास्थ्य सेवा विस्तारमा चासो नदेखाउँदा गैरजिम्मेवारीपनको पर्दाफास भइरहेको छ । उपचार र प्रयोगशाला परीक्षणका लागि आत्मनिर्भर बन्न नसक्नु नेपाल सरकारको असक्षमता हो । अब नेपाल सरकारले स्वास्थ्य क्षेत्रमा पर्याप्त बजेट विनियोजन गरी स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्नुपर्छ । स्वास्थ्य सेवा नारा तथा नीतिमा सीमित हुनुहुँदैन । जनताले गुणस्तरीय सेवा पाएको प्रत्याभूत गरेको हुनुपर्दछ । बिनाझन्झट सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध हुनुपर्दछ ।

कुनै पनि भूभागमा जन्मिएर सरकारको कमजोरीका कारण ज्यान गुमाउनुपर्ने परिस्थिति अबका दिनमा देखिनु हुँदैन । सचेत नागरिकबाट पनि स्वास्थ्य क्षेत्रको रूपान्तरणका लागि सरकारलाई खबरदारी गर्नु आवश्यक छ । चिकित्सक तथा स्वास्थ्यकर्मीले पदीय आचरण र मूल्यमान्यताको परिपालन गर्नुपर्छ । नागरिकले पनि चिकित्सकीय रिपोर्ट बुझ्ने र चित्त नबुझेको खण्डमा न्यायिक बाटो अपनाउनुपर्छ । अनावश्यक हुलदंगा गरेर चिकित्सकलाई पेसागत असुरक्षाको महसुस सिर्जना गराउनु हुँदैन । मुलुकलाई आवश्यक पर्ने प्रयोगशाला, उपकरण, औजारको व्यवस्था गरी बिरामीको रोगको निदान गर्नु राज्यको दायित्व हो । स्वास्थ्य क्षेत्रमा देखिएका यावत् समस्या निराकरण गर्नुपर्छ । स्वस्थ मुलुक निर्माणमा सधैं अग्रपंक्तिमा खटिने चिकित्सकहरूको मनोबल उच्च पार्नुपर्दछ । उनीहरूको पारिश्रमिकबारे राज्यले विषय मन्थन गर्नैपर्छ । न्यून तलब, भत्ता र सुविधाले सरकारी अस्पतालमा समयसापेक्ष सुधार नदेखिएको हो । यसमा दीर्घकालीन योजना तर्जुमा गरी नागरिकमा आधुनिक स्वास्थ्य सुविधा उपलब्ध गराउनुपर्दछ ।

# इन्द्रजात्रा : पौराणिक मान्यता र सांस्कृतिक महत्त्व

संस्कृति



● विश्वनाथ खरेल

*नेपाल भाषामा 'येंयाः' भनिने इन्द्रजात्रा काठमाडौं उपत्यकाको ऐतिहासिक एवं सांस्कृतिक पर्व हो । भाद्र शुक्ल द्वादशीमा इन्द्रध्वजोत्थान गरी सुरु हुने यो आठदिने जात्रामा वर्षा र सहकालका देवता इन्द्रको पूजा, रथयात्रा, विभिन्न नृत्य र धार्मिक विधि सम्पन्न गरिन्छ ।*

धार्मिक र सांस्कृतिक बाहुल्यता रहेको नेपाली समाजमा धार्मिक आस्था अनुसार मनाइने अनेकौं चाडपर्वमध्ये इन्द्रजात्राको विशिष्ट स्थान छ । नेपाल भाषामा 'येंयाः' भनिने यो जात्रा विशेष गरी काठमाडौं उपत्यकाका नेवार समुदायको महान् पर्व हो । काठमाडौंका साथै ललितपुर, भक्तपुर, दोलखा, धुलिखेललगायत स्थानमा पनि वर्षा र सहकालका देवता देवराज इन्द्रको पूजा-आजा गरी यो पर्व परम्परागत रूपमा मनाइन्छ ।



### पौराणिक कथा र इतिहास

सनातन धर्मावलम्बीका प्रमुख चाड दसैं, तिहार र फागुभन्दा पनि इन्द्रजात्रालाई संस्कृतिविद्हरूले पुरानो पर्व मान्दछन् । वाल्मीकि रामायण, महाभारत, हरिवंश पुराण, कालिका पुराण, देवीपुराण, विष्णुधर्मोत्तर पुराण, बृहत् संहिता र भविष्य पुराणमा यसको विस्तृत वर्णन पाइन्छ । पौराणिक कथा अनुसार, प्राचीन कालमा देवासुर संग्रामका क्रममा त्रिदेव र सम्पूर्ण देवगणले देवराज इन्द्रलाई विजयी गराउन एउटा ध्वजा बनाएर पूजा गरी हस्तान्तरण गरेका थिए । सोही ध्वजाको शक्तिले देवताहरूले विजय प्राप्त गरेपछि पृथ्वीका राजाहरूले पनि आफ्नो राज्यमा सुख, समृद्धि र विजयको कामना गर्दै इन्द्रध्वजा स्थापना गर्न थालेको मानिन्छ ।

अर्को लोककथा अनुसार, देवराज इन्द्रकी आमा वसुन्धरालाई व्रतका लागि पारिजातको फूल र कर्कलो चाहिएकाले उनका छोरा जयन्तलाई पृथ्वीलोक पठाइएको थियो । काठमाडौं उपत्यकामा पारिजातको फूल टिप्दै गर्दा किसानहरूले (कसैका अनुसार दैत्यहरूले) जयन्तलाई चोर ठानेर दुवै हात पछाडि बाँधेर नियन्त्रणमा लिए । पछि इन्द्र आफैं आएर छोराको पहिचान गराई छुटाएको र वर्षा तथा सहकाल दिने वचनबद्धता प्रकट गरेको खुसीयालीमा यो जात्रा मनाउन थालिएको किंवदन्ती पनि छ ।

ऐतिहासिक रूपमा काठमाडौंमा इन्द्रध्वजा (लिंगो) ठड्याउने परम्परा राजा गुणकामदेवको पालादेखि सुरु भएको मानिन्छ । पछि कान्तिपुरका अन्तिम मल्ल राजा जयप्रकाश मल्लले जीवितदेवी कुमारी, गणेश र भैरवको रथयात्रा गराउने परम्परा थपेका थिए ।

### जात्राको सुरुआत र विधि

इन्द्रजात्राको प्रमुख कार्य इन्द्रध्वजा (लिंगो) स्थापना गर्नु हो, जसलाई नेपाल भाषामा 'योर्सी' भनिन्छ । जात्राका लागि काभ्रेको नालास्थित जंगलमा तान्त्रिक विधिद्वारा पूजा गरी बोकाले छोएको रुख भाद्र शुक्ल द्वितीयाका दिन काटिन्छ । त्यसपछि साइत हेरेर रुखलाई उपत्यका भित्र्याई भोटाहिटीमा राखिन्छ र एकादशीका दिन विधिपूर्वक लिंगो तयार पारिन्छ ।

भाद्र शुक्ल द्वादशीका दिन हनुमानढोका दरबार क्षेत्रस्थित कालभैरवको विशाल मूर्तिअगाडि धार्मिक विधिपूर्वक इन्द्रध्वजसहितको लिंगो ठड्याएपछि इन्द्रजात्राको विधिवत् सुरुवात हुन्छ । यस कार्यलाई 'इन्द्रध्वजोत्थान' भनिन्छ । लिंगो ठड्याउँदा नेपाली सेनाको ब्यान्ड बाजा, गुरुजुको पल्टन र पञ्चेबाजा समूहले मंगलधुन बजाउँछन् । लिंगोको फेदमा हात्ती चढेको सुनको जलप लगाइएको इन्द्रको प्रतिमा राखेर भैरवको पूजा गरिन्छ ।

### आठदिने जात्राका आकर्षण

लिंगो ठड्याएपछि आठ दिनसम्म काठमाडौं उपत्यका उत्सवमय बन्छ । हनुमानढोका दरबार क्षेत्रमा रहेको श्वेतभैरवको विशाल सरभमुख सर्वसाधारणका लागि खुला गरिन्छ । जात्राका क्रममा राष्ट्रप्रमुख (प्रसिद्धिअनुसार मल्लकालमा राजा) गद्दी बैठकमा उपस्थित भई गणेश, भैरव र कुमारीको पूजा गरी जात्रा अवलोकन गर्ने परम्परा छ ।

आठ दिनसम्म राजधानीका विभिन्न स्थानमा विभिन्न परम्परागत नृत्यहरू प्रदर्शन गरिन्छ । जसमा हलचोकको भक्कुनाच (सवभकु), भक्तपुरको महाकालीनाच, मञ्जुश्रीनाच (मजियमत), लाखेनाच, दशावतार नाच तथा इन्द्रको वाहन ऐरावत हात्तीको प्रतीकका रूपमा 'पुलुकिसी नाच' प्रमुख छन् । कुमारीघर अगाडि रहेको त्रिलोकनारायण मन्दिरमा विष्णुको दशावतार देखाइन्छ ।

गणेश, भैरव र कुमारीको रथ परिक्रमा सकिएपछि मरुटोलबाट वर्षभरिमा मृत्यु भएका व्यक्तिका परिवारजनले दिदिवली बाली (सतबीज छर्दै) कान्तिपुर नगरी परिक्रमा गर्ने गर्दछन् । त्यसपछि मानन्धर समुदायले बाँसको लामो मालामा बत्ती बालेर 'बौमत' निकाली नगर परिक्रमा गराउँछन् । यसै अवसरमा काठमाडौंबाट करिब चार कोस पश्चिम पर्ने दहचोकस्थित इन्द्रदहमा रातभर जाग्राम बसी भोलिपल्ट स्नान गरी मेला भर्ने भक्तजनको घुइँचो लाग्छ ।

इन्द्रजात्राले काठमाडौंलाई स्वर्गको अमरावतीजस्तै मनमोहक बनाउँछ । १२औं देखि १८औं शताब्दीसम्म निर्मित ऐतिहासिक मन्दिरहरूले सजिएको हनुमानढोका परिसर यसको मूल केन्द्र हो । नेवार समुदायको मौलिक पहिचान र समृद्ध संस्कृतिको प्रतीकका रूपमा रहेको इन्द्रजात्राले नेपाली संस्कृतिको व्यापकतालाई विश्वभर चिनाउन महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

## इतिहासको पाना ● रतन भण्डारी

### राजा त्रिभुवनसँग जोडिएकी एरिका



जर्मन फिजियोथेरापिस्ट एरिका ल्युचटाग नेपालको राजनीतिक इतिहाससँग जोडिएकी एक युरोपेली महिला हुन् । सन् १९३९ मा हिटलरको उदयपछि जर्मनी छाडेर भारत पुगेकी उनी सन् १९४९ मा राजा त्रिभुवनकी जेठी रानी कान्तिको उपचारका लागि नारायणहिटी दरबार प्रवेश गरेकी थिइन् । नेपाल बसाइका क्रममा उनले रानीको उपचारका साथै राजा त्रिभुवनलाई पनि फिजियोथेरापी दिइन् । सोही क्रममा उनीहरूबीच घनिष्ठ सम्बन्ध कायम भयो । एरिकाले राजालाई जर्मन भाषा, नृत्य र बाहिरी संसारको राजनीतिबारे जानकारी दिने गर्थिन् ।

राणा शासकहरूले दरबारभित्रै नजरबन्दजस्तै राखेका राजा त्रिभुवन र बाहिरी संसारबीच सम्पर्क गराउन एरिकाले मध्यस्थकर्ताको भूमिका खेलिन् । उनले भारतीय राजदूत सुरजित सिंह मजिठिया र सिपिएन सिंहसँग राजाको गोप्य सम्पर्क गराइन् । साधारण किसानको भेषमा काठमाडौंको सडकमा भारतीय प्रतिनिधिसँग राजा त्रिभुवनले गरेको गोप्य भेटघाटमा समेत उनको सहजीकरण थियो ।

सन् १९४९ मा भारतको सिमला फर्किएकी एरिका सन् १९५१ मा नेपालमा प्रजातन्त्र स्थापना भएपछि पुनः काठमाडौं आइन् । त्यसबेला राजा त्रिभुवनले अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेरको राजीनामापत्र सबैभन्दा पहिले उनलाई देखाएका थिए ।

सन् १९५५ मा स्विट्जरल्यान्डमा राजा त्रिभुवनको निधन हुँदा एरिका लन्डनमा थिइन् । नेपालको आफ्नो अनुभव र ऐतिहासिक घटनाक्रमलाई समेटेर उनले सन् १९५८ मा 'विथ अ किङ इन द क्लाउड्स' (पछि 'एरिका एन्ड द किङ') नामक चर्चित संस्मरण पुस्तक प्रकाशित गरिन् ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# पर्यटन प्रवर्धनका लागि 'जापान टुरिजम एक्स्पो'

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ असोज

जापानको टोकियोस्थित टोकियो बिग साइट अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रमा बिहीबारदेखि चारदिने प्रतिष्ठित 'जापान टुरिजम एक्स्पो २०२६' सुरु भएको छ। 'भ्रमणको बदलिँदो स्वरूप' भन्ने मूल नाराका साथ आयोजित एक्सपोमा नेपाल पर्यटन बोर्डको नेतृत्वमा नेपालका ९ वटा पर्यटन व्यवसायी कम्पनी तथा होटलको सहभागिता रहेको छ।

जापान ट्राभल एन्ड टुरिजम एसोसिएसन, जापान एसोसिएसन अफ ट्राभल एजेन्ट्स (जाटा) र जापान नेसनल टुरिजम अर्गनाइजेसन (जेएनटिओ)को संयुक्त आयोजनामा भएको एक्स्पोको १२औं संस्करणको उद्घाटन समारोहमा जापानकी प्रधानमन्त्री सनाए ताकाइचीले भिडियो सन्देशमार्फत शुभकामना व्यक्त गरेकी थिइन्।

यस वर्षको एक्स्पोमा नेपालसहित विश्वका ७४ देश र जापानका ४६ प्रान्तबाट १ हजार ४२० कम्पनी तथा संस्थाका १ हजार ५५३ बुथ रहेका छन्। आयोजकका अनुसार चार दिनसम्म चल्ने एक्स्पोमा करिब १ लाख ८० हजार पर्यटन व्यवसायी तथा पर्यटक सहभागी हुने अपेक्षा गरिएको छ। अन्तर्राष्ट्रिय सहभागीका लागि मात्रै ५९७ वटा स्टल रहेका छन्। जापानी




पर्यटकका लागि नेपालका हिमाली गन्तव्य, बुद्धको जन्मस्थल लुम्बिनी, सांस्कृतिक सम्पदा, पदयात्रा तथा जैविक विविधता प्रमुख आकर्षणका रूपमा रहँदै आएका छन्। यही बजारलाई लक्षित गर्दै एक्सपोमा सहभागी नेपाली व्यवसायीहरूले जापानी पर्यटन व्यवसायी तथा उपभोक्तामाझ नेपालको पर्यटन उत्पादन र सेवाको प्रत्यक्ष बजारीकरण गरिरहेका छन्। एक्स्पोको बिहीबार र शुक्रबार व्यावसायिक सहकार्यका लागि पूर्वनिर्धारित ६ हजार ४५४ वटा बिटुबी बैठक आयोजना हुनेछ। ती बैठकमा ८५५ क्रेता र १ हजार १९ विक्रेता सहभागी छन्। त्यस्तै, शनिबार र आइतबार सर्वसाधारणलाई लक्षित बिटुसी कार्यक्रम सञ्चालन हुनेछ।

नेपाल पर्यटन बोर्डका वरिष्ठ अधिकृत प्रदीप गैरेका अनुसार एक्स्पोको पहिलो दिनदेखि नै सहभागी नेपाली पर्यटन कम्पनीहरूले जापानी ट्राभल एजेन्सी तथा व्यवसायीसँग व्यावसायिक भेटवार्ता गरिरहेका छन्। भेटवार्ताका क्रममा नेपाली व्यवसायीहरूले जापानी बजारका लागि पर्यटन प्याकेज, पदयात्रा तथा अन्य पर्यटकीय सेवाबारे छलफल गर्नुका साथै हालैको भोटेकोशी बाढीपछि नेपालको पर्यटन क्षेत्रको वास्तविक अवस्था, पर्यटकीय गन्तव्य तथा पदयात्रा मार्गहरूको अवस्था र पर्यटक सुरक्षाका विषयमा समेत जानकारी दिइरहेका छन्।

'जापानी पर्यटन व्यवसायीलाई नेपालको वर्तमान पर्यटन अवस्था र पर्यटकीय गन्तव्यहरू सुरक्षित तथा सञ्चालनमा रहेको विषयमा तथ्यगत जानकारी दिँदै बजारमा विश्वास अभिवृद्धि गर्ने प्रयास भइरहेको छ,' गैरेले भने।

नेपाल पर्यटन बोर्डका अर्का वरिष्ठ अधिकृत युवराज गुरुङले नेपाल र जापानबीचको लामो समयदेखिको पर्यटन तथा जनस्तरीय सम्बन्धलाई थप सुदृढ गर्न एक्सपो महत्त्वपूर्ण अन्तर्राष्ट्रिय मञ्च भएको बताए। हालैको प्राकृतिक विपद्पछि पनि अन्तर्राष्ट्रिय पर्यटन बजारमा नेपालको उपस्थिति निरन्तर कायम राख्नु आवश्यक रहेको उल्लेख गर्दै उनले यस्ता अन्तर्राष्ट्रिय मञ्चमार्फत नेपालको पर्यटन सञ्चालनमा रहेको र पर्यटकलाई स्वागत गर्न तयार रहेको सन्देश प्रभावकारी रूपमा प्रवाह गर्न सकिने बताएका हुन्।

चारदिने एक्स्पो अवधिभर नेपालको स्टलमा आउने जापानी तथा अन्तर्राष्ट्रिय आगन्तुकलाई श्रव्य-दृश्य सामग्री, ब्रोसर तथा अन्य प्रवर्धनात्मक सामग्रीमार्फत नेपालका प्रमुख पर्यटकीय गन्तव्य, पर्यटन गतिविधि र सेवाबारे जानकारी प्रदान गरिनेछ।

साथै, बिटुबी र बिटुसी दुवै माध्यमबाट जापानी बजारमा नेपालको पर्यटन उत्पादनको प्रत्यक्ष प्रवर्धन र व्यावसायिक सम्पर्क विस्तारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# हिमालय एअरलाइन्सले काठमाडौं–हाङझाउ–काठमाडौं सिधा उडान गर्दै



**काठमाडौं/मस–** हिमालय एअरलाइन्सले काठमाडौं र चीनको हाङझाउबीच ऐतिहासिक सिधा उडान सुरु गर्दै क्षेत्रीय सञ्जाल बिस्तार गर्ने तयारी गरेको छ। बुधबार देखि सुरु हुने यो नयाँ रुटको उडानमार्फत हिमालय एअरलाइन्सले नेपाल र चीनबीचको हवाई सम्पर्कलाई सुदृढ गर्ने लक्ष्य राखेको छ। हिमालय एअरलाइन्सले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट हाङझाउ स्थित हाङझाउ सियाओसान अन्तर्राष्ट्रिय विमानस्थलबीच साप्ताहिक दुई सिधा उडान सुरु गर्दै छ।

नेपालको पर्यटन तथा स्वदेशी उत्पादनलाई प्रवर्धन गर्न र अन्तर ार्ष्ट्रिय यात्रालाई सहज तुल्याउन समर्पित हिमालय एअरलाइन्सले निर्बाध र सुविधाजनक यात्रा विकल्प उपलब्ध गराउन आफ्नो सञ्जाल विस्तारलाई जारी राखेको छ। हामीले काठमाडौं-हाङझाउ-काठमाडौं सेक्टर जोड्न तथा मागको आधारमा आगामी दिनमा उडान थप्ने योजनासहित हाल हप्तामा दुई उडान सञ्चालन हुन लागेको हो। काठमाडौंबाट हाङझाउका लागि उडान प्रत्येक आइतबार र बुधबार प्रस्थान गर्नेछ भने हाङझाउबाट काठमाडौंका लागि फर्कने उडान प्रत्येक सोमबार र बिहिबार सञ्चालन हुनेछ।

हिमालय एअरलाइन्सले आफ्ना यात्रुलाई गुणस्तरीय सेवा र सुरक्षित यात्राको अनुभव प्रदान गर्ने र उडान शुभारम्भ भएसँगै नेपाल र चीन दुवै लाभान्वित भई पर्यटन र व्यापारिक अवसर बढ्ने अपेक्षा गरेको छ। हिमालय एअरलाइन्सका उपाध्यक्ष एवं प्रवक्ता विजय श्रेष्ठले हिमालयको मुख्य उद्देश्य चीनका विभिन्न १० पर्यटकीय क्षेत्रमा उडान सञ्चालन गर्ने र १० लाख चिनियाँ पर्यटकलाई नेपालमा स्वागत गर्ने लक्ष्य रहेको बताए। हिमालय एअरलाइन्सले सधैं चीनमा नयाँ नयाँ गन्तव्य खोज्दै नियमित उडान सञ्चालन अगाडि बढाउँदै आएको छ। काठमाडौं-हाङझाउ-काठमाडौं रुटमा सुरु गरिएको यस उडानले दुई राष्ट्रका नागरिक-नागरिक बीचको सम्बन्धलाई मजबुत बनाउने, पर्यटन र व्यापारलाई प्रवर्धन गर्ने अपेक्षा गरिएको उनले बताए।

# कुमारी बैंकका ग्राहकलाई रमदा इन्कोर होटलमा २० प्रतिशतसम्म छुट



**काठमाडौं/मस–** कुमारी बैंक लिमिटेड र रमदा इन्कोर ठमेल काठमाडौं होटलबीच कुमारी बैंकका ग्राहकलाई होटल तथा रेस्टुरेन्टका विभिन्न सेवामा विशेष छुट दिने सम्बन्धमा सम्झौता भएको छ। सम्झौताअनुसार कुमारी बैंकका ग्राहकले रमदा इन्कोरमा होटल तथा रेस्टुरेन्टका सेवा तथा सुविधामा विशेष छुट प्राप्त गर्नेछन्। साथै, होटलका विभिन्न सेवा सुविधा लिनका लागि ग्राहकलाई इएमआई सुविधासमेत उपलब्ध गराइनेछ। योजनाअन्तर्गत खाना तथा पेयपदार्थ र स्पा सेवामा १५ प्रतिशतदेखि २० प्रतिशतसम्म छुट प्राप्त गर्न सकिनेछ। वार्षिक रूपमा न्यूनतम १५ हजार रुपैयाँ खर्च गर्ने ग्राहकले आफ्नो जन्मदिनमा निःशुल्क केक प्राप्त गर्नेछन्। पारिवारिक जमघट तथा कार्यक्रमका लागि पनि केक र कर्केज शुल्क नलाग्ने व्यवस्था गरिएको छ। त्यस्तै, रेस्टुरेन्टमा वार्षिक ५० हजार रुपैयाँ खर्च गर्ने कुमारी बैंकका ग्राहकले एक दिनको रुम निःशुल्क प्राप्त गर्ने सुविधा पाउनेछन्। ग्राहकलाई लक्षित गर्दै 'फ्यामिली डे आउट प्याकेज' र 'फ्यामिली स्टे प्याकेज'मा समेत विशेष छुटको व्यवस्था गरिएको छ।

कुमारी बैंक लिमिटेडका तर्फबाट इन्टिग्रेटेड सेल्स प्रमुख अञ्जना मिश्रा, रिलेसन म्यानेजर केशव गणतौला र रमदा इन्कोरका तर्फबाट डाइरेक्टर अफ सेल्स सीता रायमाझी, सेल्स एक्जिक्युटिभ निशा भट्टराई, जनरल म्यानेजर महेश फुयाँलको उपस्थितिमा सम्झौतामा हस्ताक्षर भएको हो। सम्झौताले कुमारी बैंकका ग्राहकलाई रमदा इन्कोरका होटल, रेस्टुरेन्ट तथा स्पा सेवामा थप सुविधा र छुट उपलब्ध गराउने उद्देश्य राखेको छ।

# टिमुरे बाढीमा ३३८ ट्रक–कन्टेनर हराए



**काठमाडौं/मस–** रसुवाको टिमुरेमा गत भदौ १० गते आएको बाढीमा ३३८ वटा ट्रक तथा कन्टेनर बेपत्ता भएको विवरण सार्वजनिक भएको छ। नेपाल ट्रक यातायात व्यवसायी महासंघले यातायात व्यवस्था विभागलाई उपलब्ध गराएको विवरणअनुसार बाढीमा परी ती सवारीसाधनसँगै ४४१ जना चालक, सहचालक तथा व्यवसायीसमेत सम्पर्कविहीन भएका छन्।

भोटेकोशी बाढीबाट सार्वजनिक यातायात क्षेत्रमा भएको मानवीय तथा भौतिक क्षतिको विवरण संकलन गर्ने क्रममा यातायात व्यवस्था विभागले सरकारी तथा गैरसरकारी निकाय, निजी संघसंस्था, सञ्चारमाध्यम, अनुसन्धानकर्ता तथा सरोकारवालासँग क्षतिको तथ्यांक माग गरेको थियो। महासंघका अध्यक्ष राजेन्द्रविक्रम बानियाँले भदौ १० गते बिहान चीनको तिब्बती भू-भागबाट आएको बाढीका कारण टिमुरे क्षेत्रमा ठुलो क्षति हुँदा मालवाहक सवारीसाधन तथा त्यसमा संलग्न व्यक्तिहरू सम्पर्कविहीन भएको बताए। उनले यातायात व्यवस्था विभागले क्षतिको यकिन विवरण संकलन गर्न आग्रह गरेपछि महासंघले सदस्य संस्थाबाट प्राप्त विवरण संकलन गरी पठाएको जानकारी दिए।

नेपाल ट्रक कन्टेनर ढुवानी सेवा प्रालि, लोकन्थलीका २१७ वटा ट्रक तथा कन्टेनर र २५१ जना चालक, सहचालक तथा व्यवसायी सम्पर्कविहीन छन्। नारायणी यातायात व्यवसायी संघ हेटौंडाका ५८ वटा ट्रक तथा कन्टेनर र ७८ जना, तराई यातायात व्यवसायी संघ सिमराका २१ वटा सवारीसाधन र ३५ जना तथा ट्रक यातायात व्यवसायी संघ नेपाल, बल्खुका १० वटा कन्टेनर र २० जना सम्पर्कविहीन रहेको विवरणमा उल्लेख छ। त्यसैगरी गण्डकी ट्रक व्यवसायी संघ पोखराका २१ वटा ट्रक तथा कन्टेनर र ३४ जना तथा पश्चिमाञ्चल यातायात व्यवसायी समिति बुटवलका ११ वटा कन्टेनर र २२ जना सम्पर्कविहीन रहेको महासंघले जनाएको छ। नेपाल ट्रक कन्टेनर व्यवसायी संघका अध्यक्ष अर्जुनबहादुर सापकोटाका अनुसार थप विवरण संकलन हुने क्रम जारी रहेकाले बेपत्ता सवारीसाधन तथा व्यक्तिको संख्या अझै बढ्न सक्ने बताए।

# मेट लाइफद्वारा किस्ट मेडिकल कलेजमा क्यासलेस उपचार सेवा



**काठमाडौं/मस–** मेटलाइफ नेपालले किस्ट मेडिकल कलेज तथा शिक्षण अस्पतालसँग साझेदारी गरेको छ। यस साझेदारीअन्तर्गत कर्मचारी लाभ बिमा योजनाअन्तर्गतका योग्य ग्राहकले अस्पतालमा भर्ना हुँदा नगदरहित (क्यासलेस) उपचार सेवा लिन सक्नेछन्। यस सेवाले उपचारका लागि सुरुमै गर्नुपर्ने भुक्तानी घटाउनुका साथै दाबी प्रक्रियालाई थप सहज र व्यवस्थित बनाउन सहयोग गर्नेछ। किस्ट अस्पतालसँगको यस साझेदारीमार्फत मेटलाइफका कर्मचारी लाभ ग्राहकले बिमा योजनाका नियम तथा सर्तहरूअनुसार नगदरहित उपचार सेवा प्राप्त गर्न सक्नेछन्। यसले ग्राहकलाई उपचार र स्वास्थ्यलाभमा ध्यान केन्द्रित गर्न सहज बनाउँदै उपचारसँग जोडिएका प्रशासनिक तथा आर्थिक झन्झटलाई कम गर्न सहयोग गर्नेछ। किस्ट मेडिकल कलेज तथा शिक्षण अस्पताल नेपालका स्थापित शिक्षण अस्पतालमध्ये एक हो। ललितपुरस्थित आफ्ना स्वास्थ्य सुविधामार्फत अस्पतालले विभिन्न प्रकारका सामान्य तथा विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ। साथै, यसले देशमा चिकित्सा शिक्षा तथा स्वास्थ्य सेवाको विकासमा समेत योगदान पुर्‍याउँदै आएको छ। किस्टजस्ता विश्वसनीय स्वास्थ्य संस्थासम्म ग्राहकको पहुँच विस्तार गर्दै उपचार तथा दाबी प्रक्रियालाई थप सहज बनाउने माध्यमबाट कर्मचारी तथा उनीहरूका परिवारलाई आवश्यक परेको समयमा अझ प्रभावकारी सहयोग प्रदान गर्नु मेटलाइफ नेपालको उद्देश्य रहेको जनाएको छ।


# कुमाख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रागेचौर, सल्यान
## कर्णाली प्रदेश, नेपाल

## आ.व. २०८३/०८४ को लागि आन्तरिक आय तर्फको ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थको उत्खनन्, विक्री तथा निकासीको शुल्क संकलनको लागि बोलपत्र आह्वानको सूचना।

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०६/०९)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११को खण्ड (घ)को उपदफा (६) मा व्यवस्था भए बमोजिम यस नगरपालिकाको क्षेत्रबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थको उत्खनन्, विक्री तथा निकासी शुल्क संकलन कार्यको ठेक्का बन्दोबस्त गर्नुपर्ने हुँदा नदीजन्य पदार्थ उत्खनन गरी कर्णाली प्रदेशको आर्थिक ऐन, २०८३ मा उल्लेखित प्रति इकाइ दररेटमा विक्री गर्ने गरी बडाबढको माध्यमबाट बोलपत्र आह्वान गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्म नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आर्थिक वर्ष २०८१/०८२ को करचुक्ता प्रमाण पत्र र कारवाही वा कालो सूचीमा नपरेको स्व-घोषणा पत्र सहित न्यूनतम अंकमा नघट्ने गरी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| आय ठेक्का नं | ठेक्का शीर्षक | नदी खोला तथा घाटगद्दीको विवरण | संकलन र विक्री गर्न पाउने अधिकतम परिमाण क्यु फिट | न्यूनतम कबोल अंक (भ्याट बाहेक) | बोलपत्र खरिद दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र पेश गर्ने अन्तिम मिति | जमानत रकम/मान्य हुने अवधी |
|---|---|---|---|---|---|---|---|---|
| KRM/NCB /IR-01-2083/084 | ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थको उत्खनन्, विक्री तथा निकासीको शुल्क संकलन | भेरी नदी र मर्म खोला तथा यी अन्तरगतका सहायक खोलाहरु | १२५९४२८.२६ | ६२,९७,१४१.३१।- | ३०००।- कुमाख गाउँपालिका आन्तरिक राजस्व खाता १२००७७९७६३०११७ वा राजस्व शाखा वा LLRP मा बुझाउन सकिने | २०८३/०६/२९ गते बेलुका ५ बजे सम्म | २०८३/०६/३० गते दिनको १२ बजे बोलपत्र खोल्ने समय सोही दिन दिनको १ बजे | आफूले कबोल गरेको अंकको ५ प्रतिशतका दरले हुन आउने रकम र बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन मान्य हुने अवधी |

- बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछ।
- बोलपत्र फारम पाइने र दर्ता गर्ने तथा बुझाउने स्थानः कुमाख गाउँपालिकाको कार्यालय, सल्यान।
- यस सँग सम्बन्धित विस्तृत सूचनाको लागि कुमाख गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।
- यस सूचनामा लेखिएका शर्तहरु यसै अनुसार तथा यस सूचनामा नलेखिएका शर्तहरु प्रचलित खरिद कानून बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः भगवतीबहाल, नक्साल, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादकः **मदनकुमार श्रेष्ठ** सम्पादकः **जनक नेपाल**